# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

शिक्षाशास्त्रमा शिक्षण विधि पेडागोजी विषय नयाँ र नौलो होइन । शिक्षण सिकाइको सन्दर्भमा पेडागोजी धेरै पुरानो मानिन्छ । शाब्दिक रुपमा पेडाको अर्थ बालक र गोजीको अर्थ सिकाइ हुन्छ । अर्थात् बालकको सिकाइ भन्ने बुझिन्छ । त्यसैले पेडागोजीको अर्थ कक्षाकोठामा बालबालिकालाई सिकाउने शिक्षण भन्ने बुझ्नु पर्दछ । शिक्षाविदहरुले मेथोडोलोजी लाई पेडागोजी मानेका छन् । शिक्षण औपचारिक र अनौपचारिक दुवै रुपबाट गर्न सकिन्छ । अनौपचारिक शिक्षणमा पेडागोजीलाई बच्चाको शिक्षण विधि भनिएको भएतापनि औपचारिक शिक्षणमा बालबालिकाको शिक्षण विधिको रुपमा पेडागोजीलाई मानिन्छ । औपचारिक शिक्षणको वातावरण औपचारिक र शिक्षकमुखी हुन्छ । औपचारिक शिक्षणको सम्पूर्ण शैक्षिक योजना शिक्षकले निर्माण गर्नु पर्दछ । शैक्षिक समस्याहरुको पहिचान, शैक्षिक उद्देश्यहरुको निर्माण, शैक्षिक क्रियाकलापको छनोट र कार्यान्वयन तथा मूल्याङ्कनको सम्पूर्ण कार्य शिक्षकले गर्दछ । यी सवै कार्यहरु शिक्षण विधि भित्र पर्दछन् । शिक्षणको वातावरण, योजना, आवश्यकताको पहिचान, उद्देश्य निर्माण, क्रियाकलाप र मूल्याङ्कनलाई पेडागोजीको आवश्यक तत्वहरु मानिन्छ ।यिनीहरु शैक्षिक पेडागोजीका अति आवश्यक तत्वहरु हुन् । यसले सामान्य अर्थमा शैक्षिक पेडागोजी भनेको शैक्षिक मेथोडोलोजी हो । शैक्षिक मेथोडोलोजी भन्नाले टिचिङ मेथोडोलोजी बुझिन्छ । अतः कक्षाकोठामा शिक्षकले विषयगत रुपमा गर्ने शिक्षणमा उसले अपनाउने वैज्ञानिक र कला पक्षलाई एजुकेशनल पेडागोजी भनिन्छ । शिक्षण विज्ञान र कला दुवै हो ।सामान्यअर्थमा एजुकृेशनल पेडागोजी भनेको एजुकेशनल मेथोडोलोजी पनि हो । सामान्य तया जनजिब्रोको भाषामा, प्रयोगको भाषामा र व्यवहारमा, कार्यान्वयनको भाषामा भन्नुपर्दा एजुकेशनल पेडागोजी भनेको एजुकेशनल मेथोडोलोजी नै हो । यसका दुवै पक्ष वैज्ञानिक पक्ष भनेको सैद्धान्तिक पक्ष हो र कला पक्ष भनेको व्यवहारिक पक्ष हो । त्यसैले एजुकेशनल पेडागोजी भनेको शिक्षणको सैद्धान्तिक र व्यवहारिक दुवै पक्ष हो ।

शिक्षणमा विभिन्न विधिहरु हुन्छन् । ती सबै विधिहरु पाठको प्रकृति अनुसार प्रयोग गर्न सकिन्छ । यी विधिहरुको प्रयोगको ढाँचा पनि फरक फरक हुन्छ । उदाहरणका लागि प्रवचन विधि, छलफल विधि, प्रश्नोत्तर  विधि, वा कुनै पनि विधिको प्रयोग गर्न सकिन्छ । यी विधिहरुको प्रयोगमा शिक्षकले आफ्ना आफ्ना तरिका अनुसार उपयोग गर्न सक्छ । यसरी शिक्षण विधि र तिनका तरिकाको अध्ययन गर्ने शास्त्रलाई एजुकेशलन पेडागोजी भनिन्छ । एजुकेशनल पेडागोजी भनेको शिक्षण विधिको पनि विधि हो । शिक्षण विधिहरुको अध्ययनगर्ने शास्त्र हो । शिक्षण विधिहरुको अध्ययन गर्ने विधि शास्त्र हो (शर्मा एण्ड शर्मा, २०६२) ।

शिक्षा जुन सुकै जातजाति वर्ग लिङ्ग सबैको जीवनको आधारशीला हो । यसले देश विकासको क्रममा महत्वपूर्ण भूमिका खेल्दछ । मानिसको हरेक क्षेत्रमा महत्वपूर्ण तत्वको रुपमा रहेको शिक्षाले व्यक्तिलाई राज्यको आवश्यकता पूरा गर्ने नैतिक चरित्रवान तथा सीपयुक्त नागरिक उत्पादन गरी राज्यको सर्वाङ्गीण विकास गराउनमा महत्वपूर्ण योगदान पुऱ्याउछ ।

शिक्षा क्षेत्रमा शिक्षण विधिलाई प्रभावकारी बनाउन प्रविधिहरुको प्रयोग गरिदै आएको छ । शिक्षाको क्षेत्रमा शैक्षिक प्रविधिको विकासको पछिल्लो रुपलाई सुचना प्रविधि भन्न सकिन्छ । जसअन्तगर्त कम्प्युटर, टेलिभिजन, इन्टरनेट, शिक्षण यन्त्र आदिलाई लिइन्छ । शिक्षण सिकाइमा परम्परागत शैलि र साधनहरुको ठाउ वैज्ञानिक शैली र साधनहरुको ठाउ वैज्ञानिक शैली र यान्त्रीकरणका आधुनिक साधनहरुले लिन पुगे । शिक्षण सिकाइका लागि घरका वारदली र पिडीका सट्टामा व्यवस्थीत कक्षाकोठा राखेर निश्चित योग्यता भएका शिक्षकहरुद्वारा सिकारुको रुचि क्षमता उमेर र चाहाना अनुसारको विषय चक, डस्टर र कालोपाटीका अतिरिक्त  रेडियो, टेप रेकर्डर, टिभि, कम्प्युटर इन्टरनेट जस्ता साधनको प्रयोग गर्न थालियो । यसरी आधुनिक साधन र शैलीको प्रयोग गरी शिक्षण सिकाइ सञ्चालन गर्ने प्रविधिसगै शिक्षण प्रविधि हुन पुग्यो (मुडवरी, २०६८) ।

कोचर (२००१) का अनुसार शिक्षण सिकाइ प्रक्रियाको चक्रमा शिक्षण विधिको धेरै नै महत्वपूर्ण सम्बन्ध रहेको हुन्छ, शिक्षणलाई रुचिपूर्ण, महत्वपूर्ण र जीवन्त बनाउन विभिन्न शिक्षण विधिहरुसँग शिक्षकहरु पूर्णरुपमा परिचित हुनु आवश्यक हुन्छ । यसरी शिक्षकले उपयुक्त शिक्षण विधिको छनौट गरी शिक्षण गराउन सकेमा मात्र विद्यार्थीहरुको सिकाइ उपलब्धिमा गुणस्तर बृद्धि हुन्छ ।

शिक्षण पेशा एक प्राविधिक कार्य हो । जनुसुकै प्राविधिक कार्य सम्पन्न गर्नका लागि कुनै न कुनै प्रकारको विशेष सीप र दक्षता आवश्यकता पर्दछ । कक्षामा उभिएर पाठ्यपुस्तकमा भएका कुराको एकोहोरो व्याख्या गर्दैमा त्यसलाई प्राविधिक रुपमा शिक्षण भन्न सकिन्न । शिक्षणमा नवीनतम प्रयोग हुनपर्छ । भाषण पद्दतीमा आधारित शिक्षण विधि भन्दा विद्यार्थी केन्द्रित शिक्षण आवश्यक हुन्छ । वाग्ले (२०६९) का अनुसार शिक्षण कस्तो हुनुपर्दछ भन्ने बारेमा प्राथमिक तहका ५६ प्रतिशत शिक्षकलाई निम्नमाध्यमिक तहक ६८ प्रतिशत र माध्यमिक तहका ५५ प्रतिशत शिक्षकलाई थाहा नै छैन । यसको प्रमुख कारण भनेको तलिमको अभाव हुनु हो । शिक्षण कार्यलाई सुनियोजित र वैज्ञानिक बनाउन सर्वप्रथम योजनामा जोड दिनुपर्दछ । योजना बनाउँदा मुख्यतया पाठ्यक्रमलाई गुरु मान्नु अपरिहार्य हुन्छ । किनकी पाठ्यक्रम भनेको सम्पूर्ण शैक्षिक योजनाको कार्यक्रम हो । यसले किन शिक्षण गर्ने, के शिक्षण गर्ने, कसरी शिक्षण गर्ने जस्ता थुप्रै प्रश्नको उत्तर दिएको हुन्छ । पाठ्यक्रमको अध्ययन गरेपछि कुन एकाइ र पाठको लागि के कस्ता उद्देश्य राखिएका छन् र ती उद्देश्य परिपूर्ति गर्नका लागि के कस्ता शिक्षण विधि, शैक्षिक सामग्री र शिक्षण क्रियाकलाप संचालन गर्ने भन्ने कुरा थाहा हुन्छ ।

निउरे, (२०६८) का अनुसार शिक्षण विधिको छनोटको सन्दर्भमा शिक्षकले त्यस्ता विधिहरुको छनोट गर्नु पर्दछ । जुन पाठ्यक्रम कार्यन्वयनको समयमा बढी सान्दर्भिक, व्यवहारिक र वैद्य ठहरिन्छन् । अन्यथा छनोट गरिएका विधिहरुबाट तोकिएको विषयवस्तु प्रष्ट पार्न सकिदैन । जसले गर्दा निर्धारण गरिएका उद्देश्यहरु प्राप्त हुन सक्दैनन् ।

यसरी माथि उल्लेखित अभिव्यक्तिबाट के स्पष्ट हुन्छ भने शिक्षण सिकाइ प्रक्रिया हचुवाको भरमा गरिने कार्य होइन । यसका लागि योजनाबद्ध ढंगले अगाडि बढ्न आवश्यक हुन्छ । आधारभूत तह भनेको माध्यमिक शिक्षाको आधार निर्माण गर्ने तह हो । यस तहका विद्यार्थीको लागि उपयुक्त शिक्षण विधिको प्रयोग गर्दै अध्यापन गराउनु र उनिहरुको भावि जीवनको सुनौलो परिकल्पना गर्दै उनीहरुलाई दक्ष, सक्षम र योग्य नागरिक तयार पार्न शिक्षकहरुले महत्वपूर्ण भूमिका खेल्नुपर्दछ । यसका लागि विषयवस्तु अनुसार विद्यार्थीहरुको स्तर र क्षमता अनुरुप उपयुक्त शिक्षण विधि छनौट गरि शिक्षण क्रियाकलाप गर्न सक्दा सिकाइ दिगो र प्रभावकारी हुन सक्छ ।

हाल विद्यालयमा शिक्षक केन्द्रित शिक्षण विधिहरु धेरै प्रयोगमा ल्याएको पाइन्छ । प्रवचन विधिद्वारा शिक्षण सरल हुने भएकोले शिक्षकहरुले परम्परागत रुपमा यसलाई प्रयोग गरेको पाइन्छ । विषय वस्तुको प्रकृतिहेरी शिक्षण विधिको छनोट गर्नु पर्दछ । तर यसो गरेको पाइदैन । परम्परागत शिक्षण विधिमा प्रयोग भै रहेको प्रवचन विधि अधिकांश विद्यालयका शिक्षकहरुले प्रयोग गरेको पाइन्छ ।

## १.२ समस्याको कथन

शिक्षा व्यक्तिको व्यवहारमा परिवर्तन ल्याउने प्रमुख कारक तत्व मानिन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका तहगत विषयगत उद्देश्यहरु पूरा गर्नको लागि प्रभावकारी शिक्षण विधिको आवश्यकता पर्दछ ।

हाल प्रयोगमा ल्याइएका विधिहरुले प्रभावकारी शिक्षणमा मद्दत गर्दछ ? प्रभावकारी शिक्षणमा शिक्षण विधिको कस्तो भूमिका रहन्छ ? शिक्षक केन्द्रित विधिबाट शिक्षण प्रभावकारी हुन्छ ? नविनतम आधुनिक शिक्षण विधिहरु प्रयोगमा ल्याउन नसक्नुका कारणहरु के के छन् ? कम्प्युटर जस्तो प्राविधिक विषयमा प्रयोगात्मक शिक्षण विधिहरु प्रयोग गर्न नसक्नुका कारणहरु के के छन्? प्रश्नोत्तर, छलफल, अन्तरक्रियात्मक विधिहरु किन पूर्ण रुपमा प्रयोगमा ल्याउन सकिएको छैन ?

वर्तमान अवस्थामा प्रयोगमा ल्याइएका शिक्षण विधिहरुले विद्यार्थीहरुको रुचि चाहाना अनुरुप पाठ्यक्रमले राखेका विषयगत तहगत, कक्षागत उद्देश्यहरु पूरा गर्न मद्दत पुऱ्याइरहेको छ त ? हामीले अपनाएका शिक्षण विधिहरु समय सापेक्ष छन्त ? यी विधिहरु कतिको व्यवहारिक र उपयोगी छन् ? विद्यार्थीहरुले अपेक्षा गरेका कुराहरु यसले दिन सकिरहेको छ छैन ? यी अनुत्तरि प्रश्नहरुको उत्तर गहिरीएर खोज्न यो अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनका उद्देश्यहरु

यो अनुसन्धान निम्न लिखित उद्देश्यमा केन्द्रित भएर गरिएको छ :

क) कक्षाकोठामा शिक्षण विधिको वर्तमान अवस्थाको विश्लेषण गर्नु,

ख) शिक्षण विधिमा देखिएका समस्याहरु केलाउनु,

ग) शिक्षण विधि प्रभावकारी बनाउने उपायहरुपत्ता लगाउनु,

## १.४ अनुसन्धानात्मक प्रश्नहरु

यस अनुसन्धानका लागि निम्न लिखित अनुसन्धानात्मक प्रश्नावलीहरु राखिएका छन् :

१) कक्षा शिक्षणमा उपयुक्त शिक्षण विधिको प्रयोगको वर्तमान अवस्था के कस्तो रहेको छ ?

२) प्रभावकारी शिक्षण विधिको प्रयोगमा शिक्षकहरुको दक्षताको अवस्था के कस्तो रहेको छ?

३) कक्षा शिक्षणमा कस्ता प्रकारका शिक्षण विधिहरुको प्रयोग भै रहेको छ ?

४) कक्षा शिक्षणमा प्रभावकारी शिक्षण विधि प्रयोग गर्न के कस्तो कठिनाई रहेको छ ?

५) कक्षा शिक्षणमा उपयुक्त शिक्षण विधि प्रयोग गर्न के कस्ता प्रयासहरु भै रहेका छन् ?

६) कक्षा शिक्षणमा कम्प्युटर शिक्षा शिक्षणको अवस्था कस्तो रहेको छ ?

## १.५ अध्ययनको महत्व

यस अध्ययनबाट प्राप्त निष्कर्षले आधारभूत अध्ययन गराइरहेका शिक्षकहरुलाई विषयगत रुपमा शिक्षणका विधिहरुको प्रयोग गर्न मद्दत पुग्न जान्छ ।

यस अध्ययनले परम्परागत रुपमा प्रयोग भै आएका शिक्षण विधिलाई न्यूनिकरण गर्दै आधुनिक शिक्षण विधिहरु प्रयोग गर्न सहयोग पुग्दछ । यस अध्ययनबाट शिक्षकलाई प्रभावकारी शिक्षण विधिको छनोट गर्न समेत मद्दत पुग्दछ । जसबाट विद्यार्थीले सरल भन्दा सरल रुपमा मनोरञ्जनात्मक तवरले विषय वस्तुको ज्ञान प्राप्त गर्न सक्छन् । यसबाट शिक्षकको पेशागत दक्षता वृद्धि हुन्छ । साथै विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि भै शैक्षिक गुणस्तर उकास्न विद्यालयलाई सहयोग प्राप्त हुन्छ ।

यस अध्ययनले वर्तमान अवस्थामा शिक्षण कार्यमा संलग्न रहेका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, तथा पाठ्यक्रम निर्माण कार्यमा संलग्न व्यक्तिहरुलाई सहयोग पुग्ने छ । शिक्षा क्षेत्रका लागि तयार पारिने विभिन्न योजनामा संलग्नव्यक्तिहरु नीति निर्माता शिक्षा क्षेत्रमा संलग्न अनुसन्धान कर्ता समेतलाई फाइदा पुग्नेछ । यस अध्ययनले शिक्षकलाई प्रभावकारी रुपमा शिक्षण गर्न तथा नयाँ विधि अपनाई आफ्नो उद्देश्य पुरा गर्नका साथै शिक्षण सरल वनाउनमा सहयोग पुग्दछ । प्रधानाध्यापकलाई विद्यालयमा प्रभावकारी शिक्षणका लागि थप योजना बनाउन मद्दत पुग्ने छ । अनुसन्धानबाट आएका निष्कर्षका आधारमा नयाँ नयाँ विधि र कार्यक्रमहरु समावेश गर्न मार्ग निर्देशन प्राप्त हुन्छ । विद्यार्थीलाई सरल रुपमा अवश्य ज्ञान सीप धारणाको विकास हुनेछ । नीति निर्माण तहमा बसेका मानिसहरुलाई नयाँ नीति बनाइ पाठ्यक्रम परिमार्जनगर्न सहयोग प्राप्त हुन्छ ।

## १.६ अध्ययनको परिसीमा

अध्ययनकर्ताको सीमित साधन स्रोत समय र अन्य वाध्यताको वावजुद कक्षा शिक्षणमा शिक्षण विधिको प्रयोग विषयमा गरिएको यो अनुसन्धानको क्षेत्र व्यापक भएतापनि यसलाई झापा जिल्लाको बुधबारे स्रोतकेन्द्रका तीन वटा सामुदायिक विद्यालयमा सीमित गरिएको छ । यो अध्ययनलाई आधारभूत तहमा स्थानीय विषयको पाठ्यक्रमको रुपमा पढाइ हुने कम्प्युटर शिक्षा शिक्षण कक्षा ८ शैक्षिक सत्र २०७२ मा मात्र सीमित गरिएको छ ।

## १.७प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शब्दहरु

सामुदायिक विद्यालय : नेपाल सरकारबाट वर्षेनी अनुदान पाउने गरी स्वीकृत प्राप्त विद्यालय भनी सम्झनु पर्दछ ।

विद्यालय निरीक्षक : कानुनले व्यवस्था गरे अनुरुप जिल्ला शिक्षा कार्यालयबाट विद्यालय अनुगमन तथा निरीक्षक गर्न तोकिएका कर्मचारी

स्रोतव्यक्ति : नेपाल सरकारबाट सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत शिक्षक शिक्षिकाहरुको कार्य कुशलतावृद्धि गर्ने तालिम दिने र आवश्यक सुपरिवेक्षण समेत गर्ने व्यक्ति सम्झनु पर्दछ ।

कार्य सम्पादन मूल्याङ्कन : शिक्षक तथा कर्मचारीले कुनै संघ सस्थाको लक्ष्य उद्देश्य प्राप्त गर्न समय सीमा भित्र काम गरे नगरेको मूल्याङ्कन गर्ने कार्यलाई बुझ्नु पर्दछ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

यस अध्ययनका उद्देश्यहरुका प्राप्तिका लागि अध्ययन कार्यलाई अघि बढाउन निम्न लिखित सैद्धान्तिक खाँकालाई प्रस्तुत गरिएको छ ।

हिल्डा तावा (१९५६) का अनुसार शिक्षण क्रियाकलाप गर्दा विद्यार्थीलाई सक्रिय बनाई उनीहरुलाई नै प्रयोग गर्न लगाएर शिक्षण गरेमा विद्यार्थीले सिक्छन भन्ने पुष्टि गरेका छन् । विद्यार्थीले ती कुराहरु जुन समस्याको समाधान आफै सहभागी भएर गर्दछन्। त्यहि कुरा सिक्दछन् । विद्यार्थी केन्द्रित प्रयोगात्मक विधिमा आधारित रहेर शिक्षण क्रियाकलाप गर्नु पर्नेमा जोड दिएको पाइन्छ । शिक्षालाई अधिकारको रुपमा लिइ सकेको परिपेक्षमा शिक्षा क्षेत्रमा रहेका असमानता र विभेदको अन्त्य गरी सबैको पहुँचको विषय शिक्षा हुनुपर्दछ । तब मात्र शिक्षण विधिको सिकाइ उपलब्धी हासिल गर्न सहयोग गर्दछ । भन्ने आजको सन्दर्भमा सबैलाई समान सिकाइ उपलब्धि हासिल हुने प्रकारका शिक्षण विधि अपनाएर शिक्षण गर्नु पर्ने देखिन्छ (काफ्ले, २०६३ मा उद्दृत) ।

क्राउथर (१९५०) का अनुसार विद्यार्थीले परिणाम ज्ञान प्राप्त गर्ने एउटै मात्र बाटो नभइ धेरै हुनाले विखण्डित कार्यक्रम अनुसार शिक्षण गरउनु पर्दछ । सिकाइमा विकल्पहरु धेरै हुने हुदा कुनै पनि विकल्प रोज्न सकिन्छ । जुन उपयोगी होस सिकाइ सिकारुका भित्र कारण भएकोले  आन्तरिक पनि भनिन्छ । यस्तो सिकाइमा सिकारुले तुरुन्त पृष्ठपोषण प्राप्त गर्ने भएकोले गल्ती सुधार गर्ने मौका पाउछ (काफ्ले,सिन्हा, श्रेष्ठ र बस्नेत, २०६१ बाट)

स्कीनर (१९३१) का अनुसार व्यवहारको मात्रात्मक तथा गुणात्मक परिवर्तनमा प्रभाव पार्ने अवस्थालाई पुनर्वलको रुपमा परिभाषित गरेका छन् । सकारात्मक पुनर्बलले सिकाइमा प्रभाव पर्दछ । त्यसकारण शिक्षकले शिक्षण गर्दा उक्त कुरालाई समेत ध्यान दिएर शिक्षण क्रियाकलाप गरिएमा सिकाइ उपलब्धि राम्रो हुन सक्दछ । साथै योजनाबद्ध शिक्षणमा विद्यार्थीको व्यक्तिगत तिब्र बुद्धि र क्षमताको आधारमा एक विषयवस्तु जानिसकेपछि अर्को विषय वस्तुमा प्रवेश गर्दै आफै सक्रिय हुनु पर्दछ । र शिक्षक सधै सचेत जागरुक र आफ्नो प्रभावकारी शिक्षणमा सफल हुनका लागि पाठलाई साना साना एकाइमा विभाजन गरी

सिकारुका समक्ष प्रस्तुत हुनु पर्दछ । यसले सिकारुको सिकाइ प्रक्रियाको गतिलाई अघि बढाउछ (शर्मा एण्ड शर्मा २०६३ मा उद्धृत ) ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

शिक्षणलाई प्रभावकारी र उद्देश्यमूलक बनाउन लागि शिक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस सन्दर्भमा भोलाप्रसाद दाहालका अनुसार “असल शिक्षक आफ्ना बालबालिकालाई समय, सीप, स्रोत, साधन, सम्बन्ध, सञ्चार, श्रम, सहमति र सहकार्यको अर्थ महत्व, आर्जन उपयोग र उपलब्धिको अनुमति र अभ्यासको कसिमा खरो उतार्न सफल हुन्छ ।” शिक्षक मासिक (२०६६ वैशाख) उनले स्पष्ट रुपमा एक सफल शिक्षकले प्रभावकारी शिक्षणका लागि सहि शिक्षण विधिको प्रयोग गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ ।

अधिकारी (२०७०)का अनुसार कक्षाकोठामा शिक्षक कम भन्दा कम सक्रिय भएर विद्यार्थीलाई बढि भन्दा बढि सक्रिय तुल्याउनु पर्छ । उनका अनुसार विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापको प्रयोगमा जोड दिई बालमैत्री शिक्षण विधिको प्रयोग गर्नुपर्दछ भन्ने रहेको छ । वास्तवमा सामाजिक अध्ययनको विषयवस्तुलाई प्रभावकारी ढंगबाट पठनपाठन गर्नका लागि बालबालिकाहरुलाई जीवन्त अनुभव गराउने खालको उपयुक्त शिक्षण विधि र प्रक्रिया अपनाउनुपर्छ ।

शर्मा एण्ड शर्मा (२०६७) मा उल्लेख भए अनुसार “शिक्षा क्रियाशिल हुनु पर्छ र बालकको चाखसँग सम्बन्धित हुनुपर्छ ।” यस अर्थमा शिक्षा बालकले चाहे अनुरुप हुनुपर्छ, बालक एक अनुभवजन्य प्राणी हो बालकलाई बुझ्नको लागि एक प्राकृतिक प्राणीको रुपमा हेरीनु पर्दछ र बालकेन्द्रित पाठ्यक्रमका साथै बालकेन्द्रित शिक्षण विधिलाई जोड दिनुपर्छ ।

खकुरेल, अधिकारी र सापकोटा (२०६९) का अनुसार “शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्दा शिक्षकले विभिन्न सामग्रीको प्रयोग गरी विद्यार्थीहरु माझ विषयवस्तुको प्रस्तुती गर्ने गर्दछन् भने विद्यार्थीहरु सक्रिय सिकारुको रुपमा विभिन्न किसिमका क्रियाकलाप गर्दै सिकाइमा त्रियाशिल बन्छन् र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित विधिलाई प्राथमिकता दिनुपर्छ” उनीहरुको भनाईको आधारमा कक्षामा सहयोगात्मक तथा समन्वयात्मक सिकाइ वातावरण सृजना गरी विद्यार्थीलाई शिक्षण

क्रियाकलापमा सक्रिय गराउदै शिक्षकले कक्षाकोठामा एक सहजकर्ताको रुपमा भूमिका निर्वाह गर्नुपर्ने कुरा स्पष्ट हुन्छ ।

काफ्ले वासुदेव र साथीहरु (२०६१) का अनुसार आजको युग विज्ञान र प्रविधिको युग हो । हरेक क्षेत्रमा अछुतो नरहेको वैज्ञानिक प्रविधि आज शिक्षा क्षेत्रबाट पनि टाढिन सक्दैन । फलतः शिक्षा क्षेत्रमा भएका परम्परागत सिकाइ शैली र उपकरणहरुलाई वैज्ञानिक सिकाइ पद्धति र आधुनिक साधनहरुले विस्थापित गऱ्यो । चक, डस्टर र कालोपाटीका अतिरिक्त रेडियो, टेपरेकर्डर, टेलिभिजन, कम्प्युटर, इन्टरनेट जस्ता साधनहरुले शिक्षा क्षेत्रलाई आधुनिक युगसँग समयानुकूल ढङ्गले डोऱ्याउन थालेको छ ।

शैक्षिक प्रविधिले शिक्षण र सिकाइ सम्बन्धी व्यवहारवादी विज्ञानलाई समावेश गरेको हुन्छ । जुन प्याभलोभ, स्किनर र वाट्सनले प्रवर्तन गर्ने तथा स्वरुप दिने कार्य गरेका हुन् । स्किनरका अनुसार मानवीय व्यवहारलाई पुनर्वलद्वारा परिवर्तन गर्न सकिन्छ । शैक्षिक प्रविधिको त्यो शाखा हो जसले विज्ञान र मनोविज्ञान, समाजशास्त्र, सञ्चार आदिको सिद्धान्त र धारणालाई आधार मान्दछ ।

रोब्लेयर (२००८) का अनुसार सूचना तथा सञ्चार प्रविधिको प्रयोगले शिक्षण विधिलाई शिक्षक केन्द्रित विधिबाट विद्यार्थी केन्द्रित विधिमा रुपान्तरण गर्न सजिलो भएको छ । शिक्षक केन्द्रित शिक्षण विधिको ठाउँमा सिकारु केन्द्रित शिक्षण विधिको सुरुवात गर्नु अहिलेको पाठ्यक्रमको मुद्दा हो । यसले विद्यार्थीहरुमा उत्प्रेरणा जगाउँछ । शैक्षणिक विधिलाई प्रभावकारी बनाउँछ । शिक्षक तथा विद्यार्थीको उत्पादनशीलतामा वृद्धि गर्छ र सूचना युगका लागि आवश्यक सिप हासिल हुन्छ ।

ढकाल (२०६६) का अनुसार शिक्षक केन्द्रित विधिहरुलाई शिक्षकमुखी विधिहरु पनि भन्ने गरिन्छ । किनकी जसमा शिक्षकको बढी सक्रियता वा संलग्नता हुन्छ भने विद्यार्थीहरु शिक्षण सिकाइ क्रियाकलापमा बढी मात्रामा सहभागी हुने विधि विद्यार्थी केन्द्रित विधि हो । शिक्षक केन्द्रित विधिलाई प्राचिन शिक्षाको भूमिका तथा हैकम वादी प्रक्रियासँग तुलना गर्न सकिन्छ । त्यसकारण शिक्षक केन्द्रित विधिहरु विद्यालय स्तरको शिक्षण सिकाइ प्रक्रियाबाट विस्तारै कम गराउदै लैजाने पर्ने सम्बन्धमा आज केहि शिक्षाविदहरुले चासो देखाएको पाइन्छ ।


गुरुङ (२०६८) ले उल्लेख गरे अनुसार विद्यार्थीमा विश्लेषणात्मक क्षमता विकास गर्न खोज्दा शिक्षकको दिमागमा जमेर बसेको पूर्वमान्यता र विश्वासले चुनौति थपिदिन्छ । शिक्षकले आफ्नो मान्यता ठिक छ कि छैन ? भनेर विद्यार्थीसँग कहिल्यै विचार विमर्ष गर्दैनन् । अन्ततः शिक्षकका मान्यता र नियम नै सिकाई प्रक्रियामा अवरोध वनिरहेको अवस्था रहेको हुन्छ । रचनात्मक सिकाइले मात्र रचनात्मक बन्न सिकाउछ । आफूले जे जानेको छ त्यसप्रति अटल श्रद्धाभाव राखी नयाँ र सिर्जनशील कार्यको अवलम्वन नगरिनु वास्तविक सिकाइ हुन सक्दैन । सिकाइले पेशागत सीप मात्र नभएर व्यक्तित्व निर्माणलाई पनि महत्व दिइनुपर्दछ । यसरी यस लेखमा शिक्षक सिर्जनशील वन्नुपर्ने कुराको वकालत गरेको पाइन्छ तर, सिर्जनशिलता भित्र आलोचना वा समालोचनालाई मात्र बढावा दिइएको पाइन्छ । सामाजिक विषय शिक्षणमा आलोचना वा समालोचना सँगसगै अन्य क्रियाकलापहरुमा समेत विद्यार्थीहरुलाई क्रियाशिल बनाई शिक्षण गर्नुपर्दछ जसमा प्रयोग हुने विभिन्न शिक्षण विधिहरु आवश्यकताको आधारमा शिक्षकले प्रयोग गरी समय परिस्थिति अनुसार शिक्षण गर्न सक्नु नै शिक्षकको महान कर्तव्य हुन जान्छ जसले सामाजिक शिक्षाले तोकेको उद्देश्य पुरा गर्न सकिन्छ भन्ने कुरालाई समेत ध्यानमा राख्दै त्यस सम्बन्धमा पनि यो अनुसान्धान अगाडि बढ्नेछ ।

## २.३ पुनरावलोकनको उपादेयता

माथि उल्लेख गरिएका पूर्व साहित्यहरु मुख्यतः प्रभावकारी शिक्षण विधि क्रियाकलापसँग सम्बन्धितरहेका छन् । यस अध्ययनमा सम्बन्धित साहित्यको पुनरावलोकनको अध्ययन विषयहालसम्मकै नयाँ रहेको कुरा थाहा भएको छ । साथै सैद्धान्तिक आधारहरुले यस शोधकार्यलाई निश्चित मार्ग प्रदान गरेको छ । विभिन्न साहित्यको अध्ययनबाट कक्षामा गरिने सिकाइ क्रियाकलापमा प्रयोग हुने विधिहरु, पहिलो प्रयोगमा आएको विधि, शैक्षिक सामग्रीको प्रयोग तथा यसको प्रभावकारीताको समेत जानकारी दिइ अबको सिकाइमा थप विधिको आवश्यकता समेत औल्याउन मद्दत पुग्ने देखिन्छ । कक्षा शिक्षणमा प्रयोग भैरहेका विधिहरु विगतमा पहिल्याइएका विधिहरु, तीनिहरुको उपलब्धि र वर्तमानमा त्यसको प्रभाव र आवश्यक थप विधिहरुको पहिचानको लागि समेत माथी पुनरावलोकन गरिएका साहित्यले महत्व राख्ने देखिन्छ ।

## २.४ अवधारणात्मक ढाँचा

यस अनुसन्धानमा कार्यपरक सिकाइ सिद्धान्त अन्तर्गत स्कीनरको पुनर्बललाई आधार बनाइएको छ । कुनै पनि कार्य गर्न प्राणीलाई क्रियाशिल बनाउने तत्व पुनर्बल हो । मानिस वा प्राणीका सम्भाव्य प्रतिक्रियाहरु मध्ये आवश्यक सही प्रतिक्रियालाई स्थायीत्व प्रदान गर्न सही उत्तेजना वा पुनर्बल प्रदान गर्नुलाई पुनर्बल भनिन्छ । स्किनरको यो सिद्धान्त अनुसार प्राणीले सिक्नको लागि तत्पर भएर वा नभैकन भए पनि सर्वप्रथम प्रतिक्रिया जनाउनु पर्दछ । पुनर्बललाई स्किनरले सकरात्मक र नकरात्मक दुई भागमा विभाजन गरेका छन् । सकारात्मक पुनर्बलले प्राणीको सहि प्रतिक्रियाको दरलाई बढाउछ भने नकरात्मक पुनर्बलले सही प्रतिक्रियामा कमी आउछ । स्किनरका अनुसार प्राणीहरुले कुनै कुरा सिक्दा सिकाइको वातावरण अनुरुप विच विचमा पुनर्बल दिनु पर्दछ । कक्षा शिक्षणमा प्रभावकारी शिक्षण विधि अपनाउदा विद्यार्थीलाई उपयुक्त पुनर्बल प्रदान गर्नाले विद्यार्थीको सिकाइ थप प्रभावकारी बन्न जान्छ । पुनर्बल सिद्धान्तलाई अवधारणात्मक ढाँचा अन्तर्गत यस प्रकार देखाउन सकिन्छ ।



स्किनरको कार्यपरक सिकाइ सिद्धान्त अन्तर्गत पुनर्बललाई शिक्षण सिकाइमा प्रयोग गर्न सकिन्छ । माथि उल्लेखित चित्रमा नै पुनर्बललाई शिक्षण सिकाइ अन्तर्गत शिक्षण विधिको छनोट गर्ने कार्यमा प्रयोग गर्न सकिन्छ । सकारात्मक पुर्बलको सहयोगबाट विद्यार्थीको शैक्षिक उपलब्धी वृद्धि गर्न सकिन्छ । यसको सहयोगले विद्यार्थीहरुमा आफूले अपेक्षा गरे अनुसारको व्यवहारको निर्माण गर्न सकिन्छ । राम्रो काम गर्नेलाई सकारात्मक पुनर्बल अन्तर्गत पुरस्कारको रुपमा स्यावासी दिइ प्रोत्साहन गरिन्छ । गलत कार्य गर्नेलाई दण्ड सजाय दिइन्छ । जुन स्किनरको नकरात्मक पुनर्बल अन्तर्गत पर्दछ । कक्षाकोठामा आवश्यकता अनुसार पुनर्बल तालिका प्रयोग गरी शिक्षण सिकाइ गर्न यसले सहयोग पुऱ्याउनछ । यसको मद्दतले विद्यार्थीहरुलाई निरन्तर अभ्यास गर्न प्रोत्साहित गर्दछ । कुनै पनि कार्यमा सफलता हासिल हुदै जाँदा त्यो कार्य दोहोऱ्याउन विद्यार्थी सफल हुन्छ । जसले उसलाई सन्तोष प्राप्त गराउछ ।

# परिच्छेद तीन

# अध्ययनको विधि र प्रक्रिया

अध्ययन लाई प्रभावकारी मितव्ययी तथा सजिलो बनाउनका लागि विधिहरु निर्धारण गर्नु पर्ने हुन्छ । यस अध्ययनमा शिक्षण सिकाइमा शिक्षण विधिको प्रयोगको अवस्थाको अध्ययनका लागि निम्नानुसार अध्ययन विधिको प्रयोग गरिएको छ ।

## ३.१ अध्ययनको ढाँचा र विधि

यो अध्ययन परिमाणात्मक तथा गुणात्मक दुवै गरी मिश्रीत विधिमा आधारित छ । यो अनुसन्धानलाई विवरणहरु अनुसन्धानकर्ता आफै विद्यालयमा गएर प्रधानाध्यापक शिक्षक, विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति, विद्यालय निरिक्षकसँग प्रश्नावली, अवलोकन फारामका आधारमा संकलनगरिएको छ । यस शोधमा प्रयोग हुने तथ्याङ्कका स्रोतहरु प्राथमिक र द्वितीय दुवै राखिएको छ ।

## ३.२ जनसंख्या, नमुना र नमुना छनोट रणनीति

### ३.२.१ जनसंख्या

यस अध्ययनको जनसंख्या झापा जिल्लाको बुधबारे स्रोतकेन्द्र भित्र सञ्चालित सामुदायिक विद्यालयका विद्यार्थी, विषय अध्यापन गर्ने शिक्षक, प्र.अ., स्रोतव्यक्ति, विद्यालय निरिक्षक, अभिभावक जनसंख्याको रुपमा रहेका छन् ।

### ३.२.२ नमुना छनोट

यस अध्ययनका झापा जिल्लामा रहेका १७ ओटा स्रोतकेन्द्रहरु मध्ये बुधबारे स्रोकेन्द्र अन्तर्गतका ३ ओटा सामुदायिक विदालयका निम्न लिखित व्यक्तिहरु निम्न लिखित संख्यामा नमुनाको रुपमा छनोट गरिएको छ।

तालिका नं. १

नमुना छनोटमा परेका व्यक्तिहरु

| क.सं. | विद्यालय | प्र.अ. | शिक्षक | निरिक्षक | स्रोतव्यक्ति | विद्यार्थी | अभिभावक |
|---|---|---|---|---|---|---|---|
| १ | आदर्श मा.वि. बुधवारे | १ | १ | १ | १ | २ | १ |
| २ | त्रिभुवन मा.वि. बुधवारे | १ | १ | १ | १ | २ | १ |
| ३ | बुद्धआदर्श मा.वि. बुधवारे | १ | १ | १ | १ | २ | १ |

### ३.२.३ नमुना छनोट विधि

यस अध्ययनका कममा जनसंख्या नमुना छनोटमा परेका प्र.अ., स्रोतव्यक्ति, शिक्षक, विद्यालय निरिक्षक, विद्यार्थी र अभिभावक स्वतः छनोटमा परेका छन् । शिक्षक विद्यार्थीको छनोट उद्देश्यमूलक नमुना छनोट विधिद्वारा गरिएको छ ।

### ३.२.४ नमुना छनोटका आधार

यस अध्ययनका कममा नमुना जनसंख्या छनोट गर्ने कममा उपलब्ध स्रोत साधन लैङ्गिकता तथा क्षेत्रगत आधारलाई ध्यानमा राखी गरिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका साधन र तरिका

यस अध्ययनका कममा निम्न लिखित साधनहरु प्रयोग गरिएको छ :

### ३.३.१ प्रश्नावली

प्रश्नावली त्यस्तो  साधन हो जसमा श्रृखलावद्ध निश्चित स्वरुपका प्रश्नहरुमा उत्तरदाता आफैले भरी उत्तरहरु प्राप्त गरिन्छ । अध्ययनका क्रममा छनोटमा परेका विद्यालयका प्र.अ., स्रोतव्यक्ति, विद्याललय निरिक्षक, शिक्षक, विद्यार्थी, अभिभावकलाई अलग अलग प्रश्नावली भराइएको छ । जुनअनुसूची १ प्र.अ.को लागि, अनुसूची २ शिक्षकका लागि, ३ विद्यार्थीको लागि, अनुसूची ४ स्रोतव्यक्तिका लागि, अनुसूची ५ वि.नि.का लागि, अभिभावकका लागि अनुसूची ६ मा देखाइएको छ ।

### ३.३.२ अवलोकन फारम

प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि कुनै व्यक्ति वा वस्तुलाई पटक पटक हेर्ने कार्यलाई अवलोकन भनिन्छ । अनुसन्धानका क्रममा अवलोकन फारम तयारगरी आवशयक सूचनाहरु प्राप्त गरिएको छ । जुन अनुसूची७मा देखाइएको छ ।

### ३.३.४अभिलेख अध्ययन

यस अन्तरगर्त छनोटमा परेका विद्यालयहरु श्री आदर्श मा.वि., त्रिभुवन मा.वि. र बुद्धआदर्श मा.वि. का २०७२ र २०७३ का अभिलेखहरुलाई लिइएको छ ।

### ३.४ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनलाई सम्पन्न गर्नका लागि अध्ययन क्षेत्रमा अनुसन्धानकर्ता स्वयम् सहभागी भई सूचना संकलनका साधनहरु प्रयोग गरेर सम्बन्धित विषयमा विद्यार्थीका लागि प्रश्नावली प्र.अ.का लागि प्रश्नावली, शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारमको माध्यमबाट तथ्याङ्क संकलन गरियो ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

यो अध्ययनलाई पूर्णता दिन अनुसन्धानकर्ताले विभिन्न साधनहरु जस्तै शिक्षक प्रश्नावली, विद्यार्थीका लागि प्रश्नावलली, प्र.अ., अभिभावक, स्रोतव्यक्ति र विनिका लागि प्रश्नावली र कक्षा अवलोकन फारमको प्रयोग गरी प्राप्त सूचनाहरुको विश्लेषण र व्याख्या गरिएको छ। साथै आधारभूत तहको कक्षा आठको कम्प्युटर विषयको शिक्षण विधिको गहन अध्ययन गरी सो को पनि विश्लेषण गरियो ।

# परिच्छेद चार

# नतिजाको व्याख्या एवम् विश्लेषण

## ४.१ कक्षा शिक्षणमा शिक्षण विधिको प्रयोगको अवस्था

यो अध्ययन बुधबारे स्रोतकेन्द्रका ३ ओटा सामुदायिक विद्यालयमा गरिएको अनुसन्धान सुचना संकलनका साधनहरुबाट संकलन गरिएको तथ्याङ्कको आधारमा कक्षा शिक्षणमा प्रयोग गरिएका शिक्षण विधिहरुको अवस्थालाई निम्नानुसार उपशिर्षकमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

### ४.१.१ हाल प्रयोग भैरहेका शिक्षण विधिहरु

अनुसन्धानको क्रममा बुधबारे स्रोतकेन्द्रका छनोटमा परेका ३ ओटा सामुदायिक विद्यालयमा प्रयोग भैरहेका शिक्षण विधिहरुलाई तल तालिकामा देखाइएको छ ।

तालिका २

शिक्षण विधिहरु

| विधि / विद्यालय | प्रश्नोत्तर | प्रवचन | छलफल | प्रयोगात्मक |
|---|---|---|---|---|
| आदर्श मा.वि. बुधबारे | बढि मात्रामा प्रयोग | कम मात्रामा प्रयोग | सामान्य प्रयोग | सामान्य रुपमा प्रयोग |
| त्रिभुवन मा.वि. बुधबारे | कम मात्रामा प्रयोग | बढि मात्रामा प्रयोग | कम मात्रामा प्रयोग | कम मात्रामा प्रयोग |
| बुद्धआदर्श मा.वि. बुधबारे | बढि मात्रामा प्रयोग | सामान्य प्रयोग | कम मात्रामा प्रयोग | सामान्य रुपमा प्रयोग |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकामा आदर्श र बुद्ध आदर्श मा.वि.ले प्रश्नोत्तर विधि तुलनात्मक रुपमा बढीमात्रामा प्रयोग गरिएको र छलफल विधि कम मात्रामा प्रयोग गरिएको पाइयो । प्रवचन विधिको प्रयोग प्रश्नोत्तर र छलफल विधिको प्रयोगको तुलनामा कम मात्रामा प्रयोग भएको पाइयो । त्रिभुवन मा.वि.मा प्रवचन विधिलाई बढी उपयोग गरेको पाइयो । प्रस्तुत तालिकामा आदर्श मा.वि. बुधबारेले प्रयोगातम्क विधिको सामानय रुपमा प्रयोग गरेको पाइयो । त्रिभुवन मा.वि.ले प्रयोगात्मक विधिको प्रयोग कम मात्रामा गरेको पाइयो । त्यसैगरी बुद्धआदर्शले प्रयोगात्मक विधिको प्रयोग सामान्य रुपमा गरेको पाइयो ।

माथि उल्लेख गरिएको विधिहरुको प्रयोग सन्दर्भमा पूर्व साहित्य तथा सिद्धान्तसँग जोड्र हेर्दा छलफल वा प्रश्नोत्तर विधि प्रभावकारी शिक्षण विधिको रुपमा रहेको पाउनसकिन्छ । न्युरे २०६८ का अनुसार शिक्षण विधि छनोट को सन्दर्भमा शिक्षकले त्यस्ता विधिहरुको प्रयोग गर्नु पर्दछ । जुन पाठ्यक्रम कार्यान्वयनको समयमा बढी सान्दर्भीक व्यवहारिक ठहरिन्छन् ।

## ४.१.२ विद्यालयको भौतिक पूर्वाधारको अवस्था

शिक्षणलाई प्रभावकारी बनाउन विद्यालयमा भएका भौतिक पूर्वाधारहरुको महत्वपूर्ण भूमिका रहन्छ । पर्याप्त भौतिक पूर्वाधार भएमा यसले शिक्षणमा सघाउ पुऱ्याउछ । अध्ययनको क्रममा छनोटमा परेका तीन वटा सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारहरुको अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

भौतिक पूर्वाधार तथा सामाग्रीको अवस्था

| क्र.सं. | विवरण | विद्यालयको नाम | | |
|---|---|---|---|---|
| | | आदर्श मा.वि. | त्रिभुवन मा.वि. | बुद्धआदर्श मा.वि. |
| १ | उपयुक्त कक्षाकोठा | नभएको | नभएको | भएको |
| २ | शैक्षिक सामग्रीको उपलब्धता | आंशिक रुपमा | आंशिक रुपमा | आंशिक रुपमा |
| ३ | कम्प्युटर इन्टरनेट | भएको | भएको | भएको |
| ४ | प्रोजेक्टर | भएको | नभएको | नभएको |
| ५ | इन्टरनेट | भएको | नभएको | नभएको |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

छनोटमा परेका विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था अध्ययन गर्दा बुद्ध आदर्श मा.वि.मा उपयुक्त कक्षाकोठा भएको, आदर्श र त्रिभुवन मा.वि.मा उपयुक्र कक्षाकोठा नभएको पाइयो । शैक्षिक सामग्रीको अवस्था हेर्दा तीन वटै विद्यालयमा आंशिक रुपमा शैक्षिक सामग्रीहरु उपलब्ध भएको पाइयो । त्यस्तै कम्प्युटर तीन वटै विद्यालयमा भएको तर विद्यार्थीको अनुपातमा ज्यादै कम भएको पाइयो । आदर्श मा.वि. र बुद्ध आदर्श मा.वि. मा आधुनिक शिक्षण विधिको प्रयोग गर्न इन्टरनेटको सुविधा भएको तर विधुतको अनियमितताको कारण पूर्णरुपमा प्रयोग गर्न नसकेको पाइयो । दुई वटा विद्यलायमा प्रोजेक्टर भए पनि यसको प्रयोग ज्यादै न्यून रुपमा भएको पाइयो ।

अध्ययन बाट प्राप्त नतिजालाई विश्लेषण गर्दा आदर्श मा.वि. र बुद्ध आदर्श मा.वि. भौतिक पूर्वाधारले भरिपूर्ण नै देखिन्छ । त्रिभुवन मा.वि.मा कक्षाकोठा शैक्षिक सामग्री रहेता पनि आधुनिक शिक्षण विधि प्रयोग गर्न सक्ने अवस्थामा देखिदैन ।

### ४.१.३ विद्यालयमा जनशक्तिको अवस्था

शिक्षण प्रभावकारी बनाउन भौतिक पूर्वाधारसँगै दक्ष तालिम प्राप्त शिक्षकहरुको आवश्यकता पर्दछ । दक्ष जनशक्ति शिक्षण क्रियाकलापको मुटु हो । दक्ष जनशक्ति भएमा शिक्षणमा प्रभावकारिता ल्याउन सकिन्छ । अध्ययनको क्रममा बुधवारे स्रोतकेन्द्रका छनोटमा परेका तीन वटा सामुदायिक विद्यालयमा गरिएको जनशक्तिको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४

विद्यालयमा जनशक्तिको अवस्था

| क.सं. | विवरण | विद्यालयको नाम | | |
|---|---|---|---|---|
| | | आदर्श मा.वि. | त्रिभुवन मा.वि. | बुद्धआदर्श मा.वि. |
| १ | तालिम प्राप्त शिक्षक | १८ | १० | १९ |
| २ | तालिमप्राप्त प्र.अ. | १ | १ | १ |
| ३ | जम्मा शिक्षक | २४ | १७ | २७ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

प्राप्त नतिजाको विश्लेषण गर्दा आदर्श मा.वि.मा प्र.अ. लगायत धेरै शिक्षकहरु तालिम प्राप्त छन् । बुद्ध आदर्शमा पनि प्र.अ. लगायत धेरै शिक्षकहरु तालिम प्राप्त छन् । त्रिभुवन मा.वि.मा तालिम प्राप्त शिक्षकको अनुपात आदर्श मा.वि.को भन्दा कम देखिन्छ ।

### ४.१.४ कम्प्युटर शिक्षा शिक्षणमा प्रयोग भएका विधि

कम्प्युटर शिक्षा एक प्राविधि विषय भएकोले यसमा प्रभावकारी शिक्षण विधिको आवश्यकता पर्दछ । प्रभावकारी शिक्षण विधि भएमा विद्यार्थीले विषय वस्तुको ज्ञान,

सजिलैसँग लिन सक्दछन् । कम्प्युटर शिक्षा शिक्षणमा प्रयोग भएका विधिहरु बुझ्न छनोटमा परेका बुधबारे स्रोतकेन्द्रका ३ ओटा सामुदायिक विद्यालयको स्थलगत सर्वेक्षण गरिएको छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ५

कम्प्युटर शिक्षा शिक्षणमा प्रयोग भएका विधि

| विधि / विद्यालय | शिक्षक केन्द्रित | छलफल | प्रयोगात्मक |
|---|---|---|---|
| आदर्श मा.वि. बुधबारे | | √ | √ |
| त्रिभुवन मा.वि. बुधबारे | √ | √ | |
| बुद्धआदर्श मा.वि. बुधबारे | | √ | √ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

अध्ययनको क्रममा छनोटमा परेका विद्यालयहरुको कक्षा अवलोकन गर्दा आदर्श मा.वि.मा कम्प्युटर विषय अध्यापनमा शिक्षकले प्रयोगात्मक रुपमा विद्यार्थीलाई सिकाएको पाइयो । तर विद्यार्थी संख्याको अनुपातमा कम्प्युटर संख्या कम हुनाले विद्यार्थीहरुले पूर्ण रुपमा प्रयोग गर्न पाएनन् । बुद्ध आदर्श मा.वि.मा पनि सैद्धान्तिक पक्षको छलफल पश्चात कम्प्युटर ल्यावमा लगि प्रयोगात्मक रुपमा सिकाएको पाइयो । तर त्यहा पनि विद्यार्थी संख्याको अनुपातमा कम्प्युटरको संख्या कम हुनाले विद्यार्थीहरुले पूर्णरुपमा प्रयोग गर्न पाएनन् । त्रिभुवनमा.विमा सैद्धान्तिक पक्षको व्याख्या गरेपछि यसलाई छलफलद्वारा स्पष्ट पारिएको पाइयो । तर प्रयोग गर्ने क्रममा विधुत सेवा नहुदा विद्यार्थीहरुले सैद्धान्तिक ज्ञानलाई कम्प्युटर मार्फत प्रयोग गर्न पाएनन् ।

### ४.१.५ शैक्षिक सामग्रीको प्रयोग तथा व्यवस्थापनको अवस्था

शिक्षण विधि प्रभावकारी हुनको लागि विद्यालयमा उपलब्ध भएका शैक्षिक सामग्रीको प्रयोग र त्यसको व्यवस्थापनले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अध्ययनको क्रममा छनोटमा परेका विद्यालयहरुको शैक्षिक सामग्रीहरुको प्रयोग तथा त्यसको व्यवस्थापनको अवस्थालाई तलको तालिकामा देखाईएको छ ।

तालिका नं. ६

शैक्षिकसामग्रीको प्रयोग तथा व्यवस्थापनको अवस्था

| विद्यालय | शैक्षिक सामग्रीको प्रयोग | सामग्रीको व्यवस्थापन |
|---|---|---|
| आदर्श मा.वि. | सामान्य रुपमा गरिएको | कमजोर |
| त्रिभुवन मा.वि. | सामान्य रुपमा गरिएको | ज्यादै कमजोर |
| बुद्धआदर्श मा.वि. | आंशिक रुपमा गरिएको | सामान्य रुपमा |

स्थलगत सर्वेक्षण २०७३

छनोटमा परेका विद्यालयहरुमा भएको शैक्षिक सामग्रीको प्रयोग तथा व्यवस्थापनको अवस्था अवलोकन गर्दा आदर्श मा.वि.मा शिक्षकले शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग अति सामान्य रुपमा गरिएको पाइयो । साथै यसको व्यवस्थापनमा ध्यान नदिएको पाइयो । त्रिभुवन मा.वि.ले पनि शैक्षिक सामग्रीको प्रयोग सामान्य रुपमा गरेको तर त्यसको व्यवस्थापनको अवस्था ज्यादै कमजोर पाइयो । बुद्ध आदर्श मा.वि.मा शैक्षिक सामग्रीको प्रयोग आंशिक रुपमा गरेता पनि व्यवस्थापन सामान्य रुपमा मात्र गरेको पाइयो ।

### ४.१.६ योजनाबद्ध शिक्षणको अवस्था

शिक्षण विधिलाई प्रभावकारी बनाउन योजनाबद्ध शिक्षणको आवश्यकता पर्दछ । योजनाबद्ध शिक्षणले सिकाइलाई सरल तथा दिगो बनाउछ । छनोटमा परेका विद्यालयहरुको योजनाबद्ध शिक्षणको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ७

योजनाबद्ध शिक्षणको अवस्था

| विद्यालय | दैनिक पाठयोजनाबाट शिक्षण | एकाइगत पाठ योजनाद्वारा शिक्षण | वार्षिक पाठयोजनाद्वारा शिक्षण |
|---|---|---|---|
| आदर्श मा.वि. बुधबारे | | | √ |
| त्रिभुवनमा.वि. बुधबारे | | √ | |
| बुद्धआदर्श मा.वि. बुधबारे | | | √ |

स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकामा छनोटमा परेका विद्यालयहरुको योजनाबद्ध शिक्षणको अवस्था हेर्दा आदर्श मा.वि.मा शिक्षकहरुले वार्षिक पाठयोजनाद्वारा शिक्षण गरेको पाइयो । त्रिभुवन मा.वि.ले सामान्य रुपमा एकाइगत पाठयोजनाद्वारा शिक्षण गरिएको पाइयो । बुद्धआदर्श मा.वि.मा पनि आंशिकरुपमा वार्षिक पाठयोजना अनुसार शिक्षण गरेको पाइयो ।

४.१.७ विद्यार्थी मूल्याङ्कनको अवस्था

शिक्षण विधि प्रभावकारी भएनभएको कुरा विद्यार्थीले प्राप्त गरेको शैक्षिक उपलब्धीको आधारमा मूल्याङ्कन हुने गर्दछ छनोटमा परेका विद्यालयको अवलोकन पश्चात ती विद्यालयहरुको विद्यार्थी मूल्याङ्कनको अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. ८

विद्यार्थी मूल्याङ्कनको अवस्था

| विद्यालय | कक्षाकार्य | गृहकार्य | आवधिक परीक्षा | निरन्तर मूल्याङ्कन |
|---|---|---|---|---|
| आदर्श मा.वि. बुधबारे | | दैनिक रुपमा दिने गरेको | लिने गरेको | सामान्य रुपमा गर्ने गरेको |
| त्रिभुवनमा.वि. बुधबारे | सामान्य रुपमा गराउने गरेको | आवश्यकता अनुसार | लिने गरेको | सामान्य रुपमा गर्ने गरेको |
| बुद्धआदर्श मा.वि. बुधबारे | | दिने गरेको | लिने गरेको | सामान्य रुपमा गर्ने गरेको |

स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकामा छनोटमा परेका विद्यालयहरुको विद्यार्थी मूल्याङ्कनको अवस्था हेर्दा आदर्श मा.वि.ले दैनिक रुपमा गृहकार्य दिने गरेको पाइयो । त्रिभुवन मा.वि. सामान्य रुपमा मात्र कक्षाकार्य गराउने गरेको पाइयो । तर गृहकार्य नियमित रुपमा नदिएको पाइयो । तीनवटै मा.वि.मा आवधिक परीक्षाहरु लिने गरेको र निरन्तर मूल्याङ्कन सामान्यरुपमा मात्र राखिने गरेको पाइयो ।

४.१.८ कक्षाकोठा व्यवस्थापनको अवस्था

प्रभावकारी शिक्षणको लागि उपयुक्त कक्षाकोठाको व्यवस्थापन हुनु जरुरी छ । अध्ययनको क्रममा छनोटमा परेका विद्यालयहरुको कक्षाकोठाको व्यवस्थापनको अवस्थालाई तलको तालिकामा देखाइएको छ :

तालिका नं. ९

कक्षाकोठा व्यवस्थापनको अवस्था

| विद्यालय | उत्तम | मध्यम | न्यून |
|---|---|---|---|
| आदर्श मा.वि. बुधबारे | | √ | |
| त्रिभुवनमा.वि. बुधबारे | | √ | |
| बुद्धआदर्श मा.वि. बुधबारे | √ | | |

स्थलगत सर्वेक्षण २०७३

उल्लेखित तालिकामा विद्यालयको कक्षाकोठाको व्यवस्थापन अवलोकन गर्दा आदर्श मा.वि. र त्रिभवुन मा.वि.को कक्षा व्यवस्थापन मध्यम किसिमको पाइयो भने बुद्ध आदर्श मा.वि.को उत्तम पाइयो ।

४.१.९ सन्दर्भ सामग्री पाठ्यक्रम शिक्षक निर्देशिकाको अवस्था

उपयुक्त शिक्षण विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षकलाई शैक्षिक सत्रको सुरुमा नै विषयगत रुपमा पाठ्यक्रम शिक्षक निर्देशिका र विषयगत सन्दर्भ सामग्री उपलब्ध गराउनु पर्दछ । छनोटमा परेका विद्यालयमा रहेका सन्दर्भसामग्री पाठ्यक्रम शिक्षक निर्देशिकाको अवस्थालाई तल प्रस्तुत गरिएको छ :

तालिका नं. १०

पाठ्यक्रम शिक्षक निर्देशिका र सन्दर्भसामग्रीको अवस्था

| विद्यालय | पाठ्यक्रम | शिक्षक निर्देशिका | सन्दर्भ सामग्री |
|---|---|---|---|
| आदर्श मा.वि. बुधबारे | आधारभूत तहमा भएको | आधारभूत तहमा भएको | कम्प्युटरसँग सम्बन्धित कुनै सामग्री नभएको |
| त्रिभुवनमा.वि. बुधबारे | भएको | सबै विषयहरुको नभएको | कम्प्युटरसँग सम्बन्धित कुनै सामग्री नभएको |
| बुद्धआदर्श मा.वि. बुधबारे | भएको | आधारभूत तहमा केहि विषयहरुको मात्र भएको | कम्प्युटरसँग सम्बन्धित कुनै सामग्री नभएको |

स्थलगत सर्वेक्षण २०७३

छनोटमा परेका विद्यलायहरु अन्तर्गत आदर्श मा.वि. त्रिभुवन मा.वि. र बुद्ध आदर्श मा.वि.मा आधारभूत तहको पाठ्यक्रम भएको पाइयो । तर शिक्षक निर्देशिका सबै विषयहरुको नभएको पाइयो भने कम्प्युटरसँग सम्बन्धित सन्दर्भसामग्री नभएको पाइयो ।

## ४.२ शिक्षण विधिको प्रयोगमा देखिएका समस्याहरु

अध्ययनको क्रममा बुधबारे स्रोतकेन्द्रका ३ ओटा सामुदाायिक विद्यालयका शिक्षण विधिको प्रयोगमा देखिएका समस्याहरु जसले प्रभावकारी शिक्षणमा समस्या उत्पन्न गर्दछ । अध्ययनबाट प्राप्त नतिजालाई उपशिर्षकमा राखी व्याख्या गरिएको छ । छनोटमा परेका विद्यालयका प्र.अ. विषय शिक्षक अभिभावक विद्यार्थीसँग गरिएको प्रश्नावलीबाट प्राप्त नतिजाको आधारमा देहाय बमोजिमका समस्याहरु प्रस्तुत गरिएकोछ ।

### ४.२.१ परम्परागत शिक्षण पद्धतिमा जोड

अध्ययनबाट प्राप्त नतिजा विश्लेषण गर्दा सामुदायिक विद्यालयले अझ पनि परम्परागत शिक्षण विधिलाई जोड दिएका छन् । परम्परागत प्रवचन विधि प्रयोग गर्दा विषयवस्तु बोझिलो बन्न गई उपलब्धी न्यूनरहन जान्छ । छनोटमा परेका विद्यालयको शिक्षण पद्धतिलाई तलका तालिकामा देखाइएको छ ।

तालिका नं. ११

परम्परागत शिक्षण पद्धतिमा जोड

| विद्यालय | प्र.अ.को धारणा | शिक्षकको धारणा | विद्यार्थीको धारणा |
|---|---|---|---|
| आदर्श मा.वि. बुधबारे | स्रोतको साधनको अभावको कारण वाध्यात्मक रुपमा शिक्षक केन्द्रित विधि अपनाउनु परेको छ । | विद्यालयमा उपलब्ध शैक्षिक सामग्री कम हुँदा शिक्षक केन्द्रित विधि अपनाउनु परेको छ । | शिक्षकले एकोहोरो रुपमा व्याख्या गरिरहदा आफुलाई पट्यार लाग्ने र पढाइ प्रति चासो नहुने । |
| त्रिभुवनमा.वि. बुधबारे | शिक्षण विधि अन्तर्गत चाहिने शैक्षिक सामग्री उपलब्ध नहुदा शिक्षक केन्द्रित विधि अपनाउनु परेको छ । | विद्यार्थी संख्या र स्रोतसाधनको अपभावमा शिक्षक केन्द्रित विधि वाध्यात्मक रुपमा अपनाइएको हो । | शिक्षकले एकोहोरो रुपमा पढाइ रहदा आफूलाई अल्छी लाग्ने र पढाइमा जागर नलाग्ने |
| बुद्धआदर्श मा.वि. बुधबारे | विद्यार्थी संख्या धेरै हुँदा र शैक्षिक सामग्री पर्याप्त मात्रामा नहुँदा शिक्षक केन्द्रित विधिको प्रयोग बढी मात्रामा गर्नु परेको छ । | विद्यालयमा भएका शैक्षिक सामग्रीहरु पनि उचित व्यवस्थापन नहुँदा र सामग्री वितरित संख्याको तुलनामा कम हुँदा शिक्षक केन्द्रित विधि अपनाइएको | शिक्षकले भाषणको रुपमा पाठ पढाइ रहदा दिग्दार लाग्ने र कक्षामा विद्यार्थीहरु निष्क्रिय रहने |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

अध्ययनको  क्रममा छनोटमा परेका विद्यालयहरुको मुख्य समस्याहरुको विश्लेषण गर्दा शिक्षक केन्द्रित विधिको प्रयोग बढी भएको पाइयो । स्रोतसाधनको अभावको कारण वाध्यात्मक रुपमा शिक्षक केन्द्रित विधि अपनाउनु परेको कुरा आदर्श मा.वि.का प्र.अ. बताउनु हुन्छ । त्यस्तै गरी त्रिभुवन मा.वि. र बुद्ध आदर्श मा.वि.का प्र.अ.का धारणा पनि एउटै प्रकृतिको पाइयो ।  शिक्षकहरुको पनि शैक्षिक सामग्रीहरु विद्यालयमा न्युनहुँदा शिक्षक केन्द्रित विधि अगाल्नु परेको कुरा आदर्श मा.वि. त्रिभुवनमा.वि. र बुद्धआदर्श मा.विका. शिक्षकहरु बताउनु हुन्छ । विद्यार्थीहरुको धारणामा पनि शिक्षक केन्द्रित विधि पट्यारलाग्दो रुची नहुने, र त्यसमा विद्यार्थीको सक्रियता कम हुने कुरा बताउछन् आदर्श मा.वि., त्रिभुवन मा.वि र बुद्धआदर्श मा.विका विद्यार्थीहरु ।

## ४.२.२ विद्यालयमा भौतिक पूर्वाधारको अभाव

भौतिक पूर्वाधारले शिक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । भौतिक पूर्वाधार विना शिक्षण प्रभावकारी बन्न सक्दैन । छनोटमा परेका विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्थालाई तल प्रस्तुत गरिएको छ ।

तालिका नं.१२

विद्यालयमा भौतिक पूर्वाधारको अभाव

| क्र.सं. | विद्यालय | कोक्षाकोठा | विजुली | कम्प्युटर | इन्टरनेट | डेस्कबेन्च |
|---|---|---|---|---|---|---|
| १ | आदर्श मा.वि बुधबारे | अपर्याप्त | अनियमित | अपर्याप्त | छ | अपर्याप्त |
| २ | त्रिभुवन मा.वि. बुधबारे | अपर्याप्त | अनियमित | अपर्याप्त | छैन | अपर्याप्त |
| ३ | बुद्धआदर्श मा.वि. बुधबारे | पर्याप्त | अनियमित | अपर्याप्त | छ | पर्याप्त |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

छनोटमा परेका विद्यलायको भौतिक पूर्वाधारको अवस्था विश्लेषण गर्दा आदर्श मा.वि. र त्रिभुवनमा.वि.मा पर्याप्त कक्षाकोठा नभएको , विधुत सेवा नियमित नभएको , कम्प्युटरविद्यार्थी संख्याको अनुपातमा अपर्याप्त भएको , डेस्क बेन्च अपुग भएको पाइयो । बुद्धआदर्श मा.वि.मा कक्षाकोठाहरु पर्याप्त भएको तर विधुत सेवा अनियमित भएको, इन्टरनेट सेवा भए पनि बिजुली अनियमितताको कारण विद्यार्थी समक्ष पुग्न नसकेको पाइयो ।

### ४.२.३ विद्यालयमा कम्प्युटर सम्बन्धीदक्ष जनशक्तिको अभाव

दक्ष जनशक्तिलाई शिक्षण सिकाइको मुटुमानिन्छ । यसको अभावमा शिक्षण अपुर्ण हुनजान्छ । छनोटमा परेका विद्यालयहरुको कम्प्युटर पढाउने जनशक्तिको अवस्थालाई तलको तालिकाबाट हेर्न सकिन्छ ।

तालिका नं. १३

कम्प्युटर शिक्षा शिक्षण गर्ने दक्ष जनशक्तिको अवस्था

| क्र.सं. | विद्यालय | शिक्षकको कुल संख्या | कम्प्युटर पढाउने शिक्षक संख्या |
|---|---|---|---|
| १ | आदर्श मा.वि बुधबारे | २४ | १ सामान्य तालिम लिएका |
| २ | त्रिभुवन मा.वि. बुधबारे | १७ | १ सामान्य तालिम लिएका |
| ३ | बुद्धआदर्श मा.वि. बुधबारे | २७ | १ सामान्य तालिम लिएका |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकामा छनोटमा परेका विद्यालयहरुमा कम्प्युटर शिक्षा अध्यापन गर्ने जनशक्तिको अवस्था हेर्दा ज्यादै न्यून रुपमा कम्प्युटर पढाउने जनशक्ति विद्यालयमा रहेको पाइयो । विद्यालयमा रहेका कुल जनशक्ति मध्ये आदर्श मा.वि., त्रिभवुन मा.वि. र बुद्धआदर्श

मा.वि.मा १/१ जना सामान्य तालिमा लिएका शिक्षकहरुले कम्प्युटर विषय बढाउने गरेको पाइयो । कम्प्युटर पढाउने तह अनुसारका पूर्ण तालिम प्राप्त शिक्षकहरु तीन वटै विद्यालयमा उपलब्ध नभएको पाइयो ।

## ४.२.४ विद्यालयमा निरीक्षण तथा अनुगमनको समस्या

शिक्षण सिकाइका क्रममा नियमित रुपमा सम्बन्धित निकायबाट निरीक्षण तथा अनुगमन भएको पाइदैन । जसले शिक्षकहरुको सक्रियता बढ्नुको सट्टा घट्न जान्छ । छनोटमा परेका विद्यालयहरुमा सम्बन्धित निकायबाट गरिएको अनुगमनको अवस्था यस प्रकार रहेको छ ।

तालिका नं. १४

विद्यालयनिरीक्षण तथाअनुगमनको अवस्था

| क.सं. | विद्यालय | प्र.अ.द्वारा विद्यालय तथा कक्षा अनुगमन | स्रोतव्यक्तिद्वारा विद्यालय अनुगमन | वि.नी.द्वारा विद्यालय अनुगमन |
|---|---|---|---|---|
| १ | आदर्श मा.वि बुधबारे | प्रशासनिक निर्माण लगायतका विविध कार्यले गर्दा नियमित रुपमा कक्षा अवलोकन गर्न नसकिएको | सवै विद्यालयको तथ्याङ्क संकलन विश्लेषण र स्रोतकेन्द्रका विविध कार्यहरु गर्नु पर्ने हुनाले विद्यालयहरु निरिक्षण गर्न नसकिएको | शिक्षा कार्यालयमा आफुलाई तोकिएको फाँट समालेर बस्नु पर्ने तथा कार्यालयकै विविध कार्यको व्यस्तताको कारण विद्यालयको नियमित निरिक्षण तथा अनुगमन गर्न नसकिएको |

| | | | | |
|---|---|---|---|---|
| २ | त्रिभुवन मा.वि. बुधबारे | विविध तथ्याङ्कहरु तयार गर्नु पर्ने र प्रशासनिक कामको भार बढि हुनाले नियमित कक्षा अनुगमन गर्न नसकिएको | सवै विद्यालयको तथ्याङ्क संकलन विश्लेषण र स्रोतकेन्द्रका विविध कार्यहरु गर्नु पर्ने हुनाले विद्यालयहरु निरिक्षण गर्न नसकिएको | शिक्षा कार्यालयमा आफुलाई तोकिएको फाँट समालेर बस्नु पर्ने तथा कार्यालयकै विविध कार्यको व्यस्तताको कारण विद्यालयको नियमित निरिक्षण तथा अनुगमन गर्न नसकिएको |
| ३ | बुद्धआदर्श मा.वि. बुधबारे | विद्यालयका प्रशासनिक कामको भार अत्यधिक हुने र शिक्षकहरुको अनुपस्थित हुँदा खाली कक्षा व्यवस्थापन गर्नु पर्ने हुनाले कक्षा अवलोकन गर्न नसकिएको | सवै विद्यालयको तथ्याङ्क संकलन विश्लेषण र स्रोतकेन्द्रका विविध कार्यहरु गर्नु पर्ने हुनाले विद्यालयहरु निरिक्षण गर्न नसकिएको | शिक्षा कार्यालयमा आफुलाई तोकिएको फाँट समालेर बस्नु पर्ने तथा कार्यालयकै विविध कार्यको व्यस्तताको कारण विद्यालयको नियमित निरिक्षण तथा अनुगमन गर्न नसकिएको |

स्रोत : विद्यालय अभिलेख २०७३

अध्ययनका क्रममा छनोटमा पर्नु भएका प्र.अ., स्रोतव्यक्ति तथा वि.नि.को धारणा बुझ्दा आदर्श मा.वि.का प्र.अ., प्रशासनिक तथा निर्माण लगायतका विविध कार्यले गर्दाविद्यालयमा नियमित कक्षा अनुगमन गर्न नसकेको बताउनु हुन्छ । त्यसै गरी विविध तथ्याङ्कहरु तयार गर्नु पर्ने तथा प्रशासनिक कामको बोझ बढी भएका कारण विद्यालयमा कक्षा अनुगमन गर्न नसकेको बताउनु हुन्छ । बुद्ध आदर्शका प्र.अ. विद्यालयका प्राशसनिक

कामको भार अत्यधिक हुने र शिक्षकहरुको अनुपस्थित हुँदा खाली कक्षा व्यवस्थापन गर्नु पर्ने हुनाले कक्षा अवलोकन गर्न नसकिएको बताउनु हुन्छ ।

स्रोतकेन्द्र अन्तर्गतका सवै विद्यालयहरुको तथ्याङ्क संकलन विश्लेषण तथा अन्य विविध कार्यहरु र शिक्षा कार्यालयमा पनि आफुले कार्यहरु गर्नु पर्ने हुनाले विद्यालयको नियमित रुपमा अनुगमन गर्न नसकिएको कुरा बताउनु हुन्छ  बुधबारे स्रोतकेन्द्रका स्रोतव्यक्ति ।

त्यस्तै गरी शिक्षाकार्यालयमा आफूलाई तोकिएको फाँटका कार्यसम्पादन गर्नु पर्ने र बढी मात्रामा कार्यालयको कामको व्यवस्तताको कारण आफूलाई तोकिएको स्रोतकेन्द्रका विद्यालयहरु निरीक्षण गर्न नसकिएको बताउनु हुन्छ विद्यालय निरीक्षक ।

### ४.२.५ शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगको समस्या

शिक्षण विधि र शैक्षिक सामग्री एक अर्कामा परिपूरक मानिन्छ । विद्यलायमा प्रभावकारी शिक्षण हुन नसक्नुमा शैक्षिक सामग्रीको निर्माण र प्रयोग साथै यसको व्यवस्थापन उचित नहुनु हो । छनोटमा परेका विद्यालयको शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा देखिएको समस्यालाई तलको तालिकामा देखाइएको छ :

तालिका नं. १५

शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगको समस्या

| विद्यालय | शैक्षिक सामग्रीको निर्माण | शैक्षिक सामग्रीको प्रयोग |
|---|---|---|
| आदर्श मा.वि बुधबारे | सामान्यरुपमा गर्ने गरेको | सामान्य रुपमा |
| त्रिभुवन मा.वि. बुधबारे | सामान्यरुपमा गर्ने गरेको | सामान्य रुपमा |
| बुद्धआदर्श मा.वि. बुधबारे | सामान्यरुपमा गर्ने गरेको | आंशिक रुपमा |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

छनोटमा परेका विद्यालयको अध्ययन गर्दा तीवटै  मा.वि.ले शैक्षिक सामग्रीको निर्माण सामान्यरुपमा गर्ने गरेको पाइयो भने आदर्श मा.वि. र त्रिभुवन मा.वि.ले

सामान्यरुपमा यसको प्रयोग गर्ने गरेको र बुद्ध आदर्श मा.वि.ले अंशिक रुपमा यसको प्रयोग गर्ने गरेको पाइयो ।

४.२.६ विद्यालयमा विद्यार्थी मूल्याङ्कनको समस्या

विद्यार्थीहरुको स्तर मापन गर्ने एउटा महत्वपूर्ण मूल्याङ्कन हो । तर मूल्याङ्कन पद्धति फितलो वैज्ञानिक नहुदा शिक्षण सिकाइमा समस्या उत्पन्न भएको देखियो । विद्यालयमा विद्यमान विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्याहरुलाई तल तालिकामा धारणाको रुपमा राखिएको छ ।

तालिका नं. १६

विद्यालयमा विद्यार्थी मूल्याङ्कनको समस्या

| विद्यालय | शिक्षकको धारणा |
|---|---|
| आदर्श मा.वि बुधबारे | नियमित रुपमा गृहकार्य परीक्षण गर्न नसकिएको तथा आवधिक परीक्षाबाट मात्र विद्यार्थीको मूल्याङ्कन गर्ने गरिएको |
| त्रिभुवन मा.वि. बुधबारे | त्रिभुवनमा शिक्षकको दैनिक कार्यभार बढी भएका कारण कक्षाकार्यको जाच गृहकार्यको जाच गर्न नसकिएको |
| बुद्धआदर्श मा.वि. बुधबारे | धेरै विद्यार्थी  संख्या भएको कारण नियमित रुपमा कक्षाकार्य गृहकार्य जाँच गर्नमा कठिनाई भएको तथा त्रैमासिक, अर्धवार्षिक वार्षिक परीक्षाबाट मात्र विद्यार्थीको मूल्याङ्कनगर्ने गरिएको |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

विद्यालयमा विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्या अध्ययन गर्दा आदर्श मा.वि.मा नियमित रुपमा गृहकार्य परिक्षणमा कठिनाई देखएको त्रिभुवन मा.वि.मा पनि शिक्षकको बढि

कार्यभारको कारण कक्षाकार्य जाँच गर्न नसकिएको पाइयो भने बुद्ध आदर्श मा.वि.मा धेरै विद्यार्थी संख्याका कारण गृहकार्य र कक्षाकार्यको जाँच गर्न नसकेको पाइयो । जसले गर्दा मूल्याङ्कनमा समस्या रहेको कुरा पाइयो ।

### ४.२.७ शिक्षकको पेशाप्रतिको प्रतिवद्धतामा कमी

शिक्षण सिप एउटा कला हो । शिक्षक कलाकार हो । शिक्षकले प्रभावकारी रुपमा शिक्षण गर्न आफ्नो पेशाप्रति प्रतिवद्ध हुनु पर्दछ । अनुसन्धानको क्रममा छनोटमा परेका विद्यालयहरुको पेशाप्रतिको प्रतिवद्धतालाई निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. १७

शिक्षकको पेशाप्रतिको प्रतिवद्धता

| प्रतिवद्धताको स्तर / विद्यालय | उत्तम | मध्यम | न्यून |
|---|---|---|---|
| आदर्श मा.वि बुधबारे | | √ | |
| त्रिभुवन मा.वि. बुधबारे | | √ | |
| बुद्धआदर्श मा.वि. बुधबारे | | √ | |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

अध्ययन अनुसन्धानको क्रममा छनोटमा परेका विद्यालयका शिक्षकहरुको पेशाप्रति प्रतिवद्धताको अवस्था तीन वटै मा.वि.मा मध्यम रुपमा रहेको पाइयो । आफ्नो पेशाप्रति पूर्ण रुपमा शिक्षकहरु सन्तुष्ट नरहेको पाइयो । यसले पनि शिक्षणमा समस्या उत्पन्न हुने देखिएको छ ।

## ४.३ शिक्षण विधि प्रभावकारी बनाउने उपायहरु

शिक्षण विधिमा देखिएका समस्याहरुलाई निराकरण गर्न जरुरी छ। समस्या समस्याको रुपमा सधै रहिरहनु हुदैन यसका लागि समाधानका उपायहरु अवलम्बन गर्नु पर्दछ।

### ४.३.१ आधुनकि शिक्षण पद्धतिको प्रयोग

शिक्षकलाई प्रभावकारी बनाउन आधुनिक शिक्षण विधिहरुको प्रयोग गरिनु पर्दछ। आधुनिक शिक्षण विधि अवलम्बन गर्न विद्यलायमा सुचना तथा सञ्चार प्रविधिको विकास भएको हुनु पर्दछ। विद्यालयमा भएको सूचना र प्रविधि अन्तरगत इन्टरनेट, कम्प्युटर र प्रोजेक्टरको माध्यम द्वारा शिक्षण गरिनु पर्दछ । शिक्षण विधिलाई प्रभावकारी बनाउन अनुसन्धानको ऋममा छनोटमा परेका विद्यालयहरुमा समास्या समाधान गर्न अपनाएका प्रयासहरुलाई तलको तालिकामा देखाईएको छ।

तालिका नं १८

आधुनिक शिक्षण विधिको प्रयोग

| सामग्री / विद्यालय | इन्टरनेटद्वारा शिक्षण | कम्प्युटरद्वारा शिक्षण |
|---|---|---|
| आदर्श मा.वि बुधबारे | √ | √ |
| त्रिभुवन मा.वि. बुधबारे | × | √ |
| बुद्धआदर्श मा.वि. बुधबारे | √ | √ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

आधुनिक शिक्षण विधिमा सुचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आधुनिक शिक्षणका लागि इन्टरनेट र कम्प्युटरको माध्यमद्वारा प्रोजेक्टरको प्रयोग गरी शिक्षण गर्दा शिक्षण प्रभावकारी हुन्छ । माथिकोतालिकामा आदर्श र बुद्धआदर्श मावि. मा आधुनिक शिक्षण विधिको प्रयोग गरी समस्या समाधान गर्न सकिने कुरा तालिकाले देखाएको छ । आधुनिक शिक्षण विधि अन्तर्गत आइ.सि.टिको माध्यमबाट शिक्षण गर्दा विद्यार्थीले देखेर सुनेर मनोरञ्जनात्मक रुपमा जटिल भन्दा जटिल विषयवस्तु सहजै रुपमा सिक्न सक्दछन् भन्ने कुरा अध्ययनबाट प्राप्त भयो ।

## ४.३.२ दक्ष तथा तालिम प्राप्त शिक्षकको व्यवस्था गरिनु पर्ने

प्रभावकारी शिक्षण विधि प्रयोग गर्नका लागि शिक्षक दक्ष तथा तालिम प्राप्त हुनु पर्दछ । अध्ययनको क्रममा छनोटमा परेका विद्यालयमा गरिएको दक्ष तथा तालिम प्राप्त शिक्षकको अवस्था तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १९

दक्ष तथा तालिम प्राप्त शिक्षकको अवस्था

| क.सं. | शैक्षिक योग्यता / विद्यालय | वि.ए. ⁄ वि.एड. | एम.एड. ⁄ एम.एड. | अन्य (कम्प्युटर) |
|---|---|---|---|---|
| १ | आदर्श मा.वि बुधबारे | १० | ७ | १ |
| २ | त्रिभुवन मा.वि. बुधबारे | ६ | २ | १ |
| ३ | बुद्धआदर्श मा.वि. बुधबारे | १५ | ४ | १ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकामा कम्प्युटर विषयको शिक्षण गर्न तालिम प्राप्त शिक्षणको अभाव देखिन्छ । अन्य विषयमा तालिम प्राप्त शिक्षकहरु को संख्या सन्तोष जनक देखिन्छ । विद्यालयमा कम्प्युटर विषयको शिक्षण गर्न जनशक्तिको अभाव भएको कुरा तालिकाबाट स्पष्ट हुन्छ । अध्ययनको क्रममा परेका विद्यालयको अवस्था अध्ययन गर्दा वि.ए., वि.एड, एम.ए, एम.एड गरेका शिक्षकहरु पर्याप्त मात्रामा भए पनि कम्प्युटर विषय शिक्षण गर्ने शिक्षकहरु ज्यादै न्यून संख्यामा पाइयो । आदर्श मा.वि. त्रिभुवनमा.वि. र बुद्ध आदर्श मा.वि.मा १/१ जना शिक्षकहरु मात्र कम्प्युटर पढाउन सक्ने हुदा यसको पूर्ण रुपमा व्यवस्थापन गर्नु पर्ने अध्ययनले देखाएको छ ।

### ४.३.३ भएका जनशक्तिलाई तालिम दिने

विद्यालयहरुमा कम्प्युटर शिक्षा शिक्षण गर्न नियमितरुपमा शिक्षकहरुलाई तालिम दिनेव्यवस्था गरिनु पर्दछ । स्रोतकेन्द्रका प्र.अ.हरुले समन्वय गरी शिक्षकहरुलाई तालिमको व्यवस्था मिलाउनु पर्दछ । प्रत्येक वर्ष शिक्षकहरुलाई तालिम दिदै जाँदा कम्प्युटर विषय शिक्षण गर्ने शिक्षकको संख्या वृद्धि भई शिक्षणमा सहजता हुन्छ । शैक्षिक सत्रमा शिक्षकहरुलाई व्यवस्थापन गरिने कम्प्युटर तालिमलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. २०

जनशक्तिको तालिम विवरण

| शैक्षिक सत्र / विद्यालय | शैक्षिक सत्र २०७३ | शैक्षिक सत्र २०७४ | शैक्षिक सत्र २०७५ |
|---|---|---|---|
| आदर्श मा.वि बुधबारे | ५ | ६ | ७ |
| त्रिभुवन मा.वि. बुधबारे | ३ | ४ | ५ |
| बुद्धआदर्श मा.वि. बुधबारे | ७ | ८ | ९ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकामा उल्लेख गरिए बमोजिम छनोटमा परेका विद्यालयहरुका प्र.अ.हरुको धारणा तथा शिक्षकहरुको धारणा बुझ्दा कम्प्युटर विषयमा शिक्षकहरुलाई तालिम उपलब्ध गराउनु पर्ने कुरा प्र.अ.हरु बताउनु हुन्छ । त्यसैगरी शिक्षकहरु पनि आफूलाई कम्प्युटर विषयको तालिम उपलब्ध गराएमा आफु तालिम लिन इन्छुक भएको कुरा बताउनु हुन्छ । प्रत्येक शैक्षिक सत्रमा शिक्षकहरुलाई कम्प्युटर विषयको तालिम क्रमशः दिदै लगिएमा विद्यालयमा दक्ष कम्प्युटर शिक्षकहरुको संख्या वृद्धि हुदै जान्छ । तालिकामा आदर्श मा.वि. बुधवारेले शैक्षिक सत्र २०७३ मा ५ जनालाई, २०७४ मा ६ जनालाई र शैक्षिक सत्र २०७५ मा ७ जनालाई कम्प्युटर विषयको तालिम उपलब्ध गराउने कुरा बताउनु हुन्छ विद्यालय प्र.अ. । शैक्षिक सत्र २०७३ मा ३ जनालाई २०७४ मा ४ जनालाई र २०७५ मा ५ जनालाई कम्प्युटर तालिम दिइने लक्ष्य रहेको बताउनु हुन्छ त्रिभुवन मा.विका प्र.अ.। शैक्षिक सत्र २०७३ मा ७ जनालाई २०७४ मा ८ जनालाई र २०७५ मा ९ जनालाई कम्प्युटर तालिम दिइने लक्ष्य रहेको बताउनु हुन्छ बुद्धआदर्श मा.वि.का प्र.अ. ।

### ४.३.४ पाठ योजना बनाई शिक्षण कार्य गर्ने

पाठ योजना शिक्षण कार्यको महत्वपूर्ण औजार हो । विना योजनाको शिक्षण औचित्वपूर्ण हुन सक्दैन । सामुदायिक विद्यालयहरुमा शैक्षिक उपलब्धी न्यून हुनमा पाठ योजना विना शिक्षण गर्नु नै शिक्षणमा देखिएको समस्या हो । छनोटमा परेका विद्यालयहरुको पाठ योजना सम्बन्धी धारणालाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं २१

पाठ योजनद्वारा शिक्षण सिकाइ

| विद्यालय | शिक्षकको धारणा |
|---|---|
| आदर्श मा.वि बुधबारे | प्रभावकारी शिक्षण गर्न पाठ योजना अपरिहार्य छ। यसले शिक्षण सिकाइमा पूर्ण सहयोग पुऱ्याउछ। |
| त्रिभुवन मा.वि. बुधबारे | शिक्षकलाई दैनिक कार्यभार घटाएर काम गराउदा दैनिक पाठयोजना निर्माण गर्न सजिलो हुन्थ्यो। शैक्षिक उपलब्धी वृद्धिमा सहयोग पुऱ्याउछ। |
| बुद्धआदर्श मा.वि. बुधबारे | कम्प्युटरजस्तो प्रयोगात्मक विधि अपनाएर शिक्षण गर्ने विषयमा दैनिक पाठ योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

छनोटमा परेका विद्यालयहरुमा पाठ योजना सम्बन्धी शिक्षकको धारणामा एउटै किसिमको मत पाइयो। दैनिक पाठयोजना निर्माण गर्दा विद्यालयको शैक्षिक उपलब्धी वृद्धि हुन्छ। तर शिक्षकको दैनिक कार्यभार घटाउनु पर्छ भन्नेकुरा त्रिभुवनमा.वि.का शिक्षक बताउनु हुन्छ। बुद्ध आदर्श मा.वि.का शिक्षक कम्प्युटर जस्तो प्राविधि विषयमा दैनिक पाठयोजना बनाइ शिक्षण गर्दा शिक्षण प्रभावकारी हुन्छ भन्ने कुरा बताउनु हुन्छ।

### ४.३.५ शैक्षिक सामग्रीको निर्माण प्रयोग तथा उचित व्यवस्थापन गर्ने

शिक्षणमा आवश्यक पर्ने शैक्षिक सामग्री स्थानीय रुपमा शिक्षक विद्यार्थी विद्यालय प्रशासन संयुक्त रुपमा मिलि स्थानीय स्तरमा उपलब्ध सामग्रीबाट बनाई यसको उचित प्रयोग गरी व्यवस्थापन गर्न सकेको खण्डमा शिक्षण विधि प्रभावकारी हुन गई शैक्षिक उपलब्धी बढ्न जान्छ। छनोटमा परेका विद्यालयहरुमा शिक्षकहरुको शैक्षिक सामग्रीको निर्माण प्रयोग सम्बन्धी धारणा यस प्रकार रहेको पाइयो।

तालिका नं. २२

शैक्षिक सामग्रीको निर्माण प्रयोग तथा उचित व्यवस्थापन

| विद्यालय | शिक्षकको धारणा |
|---|---|
| आदर्श मा.वि बुधबारे | प्रभावकारी शिक्षण विधि अवलम्बन गर्न शैक्षिक सामग्रीको निर्माण र प्रयोग अति आवश्यक छ। विद्यालयमा भएका शैक्षिक सामग्रीहरुलाई व्यवस्थित गरी नियमित रूपम प्रयोग गरिनुपर्दछ। |
| त्रिभुवन मा.वि. बुधबारे | भएका शैक्षिक सामग्रीहरु पनि उचित व्यवस्थापन को अभावले प्रयोगमा समस्या भेटिन्छ। यसको उचित व्यवस्थापन गरी शिक्षण विधिले मागे अनुसार सामग्रीहरु स्थानीय स्तरमा निर्माण गरी प्रयोग गर्नु पर्दछ। |
| बुद्धआदर्श मा.वि. बुधबारे | शैक्षिक सामग्रीको निर्माण प्रयोग र व्यवस्थापन गर्न विद्यालय प्रशासन शिक्षक विद्यार्थीसबैको सहयोग आवश्यक पर्दछ। उपयुक्त शिक्षण विधि अपनाउदा चाहिने सामग्री उपलब्ध भएमा मात्र शिक्षण प्रभावकारी हुन्छ। |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

छनोटमा परेका विद्यालयहरुमा शैक्षिक सामग्रीको निर्माण प्रयोग तथा व्यवस्थापन उपयुक्त हुँदा शिक्षणमा सुधार हुने कुरा तीन वटै मा.वि. शिक्षकहरु बताउनुहुन्छ।

### ४.३.६ शिक्षण पेशालाई आकर्षक बनाउने

अध्ययनबाट प्राप्त नतिजाको विश्लेषण गर्दा शिक्षकहरु आफ्नो पेशा प्रति खासै सन्तुष्टि नभएको पाइयो । शिक्षण पेशालाई आकर्षक बनाउन शिक्षकहरुको धारणालाई तलको तालिकामा देखाइएको छ :

तालिका नं २३

शिक्षण पेशालाई आकर्षक बनाउने

| विद्यालय | शिक्षकको धारणा |
|---|---|
| आदर्श मा.वि बुधबारे | शिक्षकहरुलाई वर्गिकरण नगरी एउटै स्तरमा राख्दा शिक्षक पेशा आकर्षक हुन सक्दछ । |
| त्रिभुवन मा.वि. बुधबारे | कोही राहत करार अस्थायी पि सि एफ जस्ता विभिन्नभागमा शिक्षकहरु वर्गिकरण हुँदा उहाँहरुको मनोवल खस्किन सक्दछ । यसलाई एउटै भागमा राखि शैक्षिक गुणस्तर वृद्धि गर्न सघाउ पु¥याउछ । |
| बुद्धआदर्श मा.वि. बुधबारे | विभिन्न प्रकारका सेवा सुविधा थपगरी शिक्षकलाई प्रोत्साहन गर्नु पर्दछ । नियमितरुपमा मासिक तलव भत्ता दिई शिक्षकको मनोबल वृद्धि गरेमा शैक्षिक गुणस्तर बढ्नजान्छ । यसमा सम्बन्धीत निकायले ध्यान दिनु पर्दछ । प्राविधिक विषय पठनपाठनगर्ने छुट्टै कम्प्युटर विषयको शिक्षकको दरबन्दी कायम गरी कम्प्युटर शिक्षकको समस्या हल गर्न सकिन्छ । |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

छनोटमा परेका माथिका तीनवटै मा.वि.का शिक्षकहरुको शिक्षण पेशालाई मर्यादित र आकर्षक बनाउन सबै शिक्षकलाई वर्गिकृत नगरी एउटै वर्गमा राख्नु पर्दछ भन्ने धारणा प्राप्त भयो । बुद्ध आदर्श मा.वि.का शिक्षक कम्प्युटर शिक्षकको दरबन्दी कायम गर्नु पर्ने र शिक्षकहरुलाई समयमै मासिक तलव तथा अन्य सुविधा उपलब्ध गराई समस्याको हल गर्न सकिने कुरा बताउनु हुन्छ ।

४.३.७ विषयगत शिक्षक विधिसँग सम्बन्धित सन्दर्भ सामग्री उपलब्ध गराउने

प्रभावकारी शिक्षणका लागि विषयगतरुपमा शिक्षण विधिसँग आवश्यक पर्ने सन्दर्भसामग्री उपलब्ध भएमा शिक्षण प्रभावकारी बन्न जान्छ । यसै सन्दर्भमा छनोटमा परेका विद्यालयमा भएका प्र.अ.को यस्तो धारणा रहेको पाइयो ।

तालिका नं २४

विषयगत शिक्षक विधिसँग सम्बन्धित सन्दर्भ सामग्री उपलब्ध गराउनेबारे प्र.अ.को धारणा

| विद्यालय | प्र.अ.को धारणा |
|---|---|
| आदर्श मा.वि बुधबारे | विद्यालयमा सबै तहको पाठ्यक्रम उपलब्ध गराउनु पर्दछ । विद्यालयमा शिक्षक निर्देशिका र विषयगत सन्दर्भ सामग्रीहरु उपलब्ध गराउदा शिक्षण प्रभावकारी बन्न जान्छ । कम्प्युटर विषयमा आवश्यक पर्ने सन्दर्भसामग्रीहरु विद्यालयमा उपलब्ध गराउनु पर्दछ । |
| त्रिभुवन मा.वि. बुधबारे | पाठ्यक्रम सन्दर्भसामग्री शिक्षक निर्देशिका शैक्षिक सत्रको सुरुमानै विद्यालयमा उपलब्ध गराउनु पर्दछ । |
| बुद्धआदर्श मा.वि. बुधबारे | आधारभूत तहको पाठ्यक्रम शिक्षक निर्देशिका तथा प्राविधिक विषयसँग सम्बन्धि सन्दर्भ सामग्री सम्बन्धीत निकायले विद्यालयमा उपलब्ध गराउनु पर्दछ । यसबाट शैक्षिक गुण स्तर वृद्धि हुन्छ । |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

छनोटमा परेका विद्यालयहरुको शिक्षण विधिसँग सम्बन्धित सामग्रीहरु समयमाउपलब्ध भएमा यसले शिक्षण सिकाइमा सहयोग पुग्ने कुरा तिनवटै मा.वि.का प्र.अ.हरु बताउनु हुन्छ । पाठ्यक्रम शिक्षक निर्देशिका सन्दर्भसामग्रीहरु विद्यालयमा सम्बन्धीत निकायहरुले शैक्षिक सत्रको सुरुमा नै उपलब्ध गराएमा यसले शिक्षणमा सघाउ पुऱ्याउन सकिन्थ्यो ।

## ४.४ प्राप्ति

यो प्रतिवेदन झापा जिल्लाको बुधबारे स्रोत केन्द्रको कक्षा शिक्षणमा शिक्षण विधिको प्रयोग नामक शीर्षकमा तयार पारिएको हो । यो शिक्षण विधिको मुख्य उद्देश्य वर्तमान शिक्षण विधिको अवस्था र प्रभावकारी शिक्षण विधिको खोजी गर्नु रहेको छ । अध्ययनगर्ने क्रममा विद्यालयमा प्रयोग गरिएका शिक्षण विधि, पहिचानगर्ने क्रममा विद्यालयमा हालसम्म परम्परागत शिक्षक केन्द्रित विधि नै बढी मात्रामा प्रयोगमा आइरहेको पाइयो । यसैगरी विद्यार्थीका लागि प्रभावकारी हुने शिक्षण विधिहरुमा प्रश्नोत्तर छलफल बढी उपयुक्त हुने पाइयो । यसका साथै विद्यालयमा शैक्षिक सामग्री भौतिक अवस्था आर्थिक अवस्था सन्तोषजनक नभएको पाइयो । त्यसैले शिक्षकहरु व्याध्यात्मक रुपमा प्रवचन विधिलाई अवलम्बन गर्नु पर्ने अवस्था रहेको देखिन्छ । अनुसन्धानबाट प्राप्त निष्कर्षका आधारमा उपयुक्त शिक्षण विधि प्रयोग गर्ने क्रममा कार्यान्वयन तहमा शिक्षक केन्द्रित विधिलाई कम गर्दै विषय वस्तु अनुसार उपयुक्त विधिको प्रयोग गर्नु पर्ने, जसका लागि कार्यान्वयन पक्षसँग सम्बन्धित रहेको सबै सरोकारवालाहरुले सो वातावरण बनाउनु पर्ने, नीति निर्माण तहले पनि सयममा सम्बन्धित निकायहरुको सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने र अनुसन्धान कर्ताहरुले समय अनुसार नयाँ नयाँ विधि तथा प्रविधिहरुको प्रयोग गर्नु पर्ने देखिन्छ ।

छनोटमा परेका विद्यालयहरुले कम्प्युटर शिक्षणमा विद्यार्थी केन्द्रित विधि प्रयोगात्मक विधि बाट सिकाइ प्रभावकारी भएको पाइयो । विद्यालयमा भएका भौतिक पूर्वाधारहरु उपयुक्त कक्षाकोठा, शिक्षण सामग्री अन्तर्गत कम्प्युटर, प्रोजेक्टर, डेक्स, बेन्च, विजुली, प्रयाप्त नहुदा शिक्षणमा समस्या भएको कुरा अध्ययनबाट प्राप्त भयो । छनोटमा परेका विद्यालयले पूर्वाधारको अभावमा वाध्यात्मक रुपमा सैद्धान्तिक ज्ञानमात्र दिन सकेको त्यसलाई प्रयोगात्मक रुपमा स्पष्ट पार्न नसकेको पाइयो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

पाठ्यक्रमको उद्देश्य, विषयवस्तुको प्रकृति आदिका आधारमा विद्यार्थी केन्द्रित तथा अन्तरक्रियात्मक विधिहरु बढी प्रभावकारी हुन्छ। विद्यालयको योजना, भौतिक व्यवस्थापन, शिक्षकको मनस्थिती जस्ता कुराले पनि प्रभावकारी शिक्षण विधिको प्रयोगमा प्रभाव पारेको हुन्छ। प्रभावकारी शिक्षण विधिको अभावमा कक्षा सञ्चालन प्रभावकारी हुँदैन र सिकाइ उपलब्धि पनि सन्तोषजनक प्राप्त हुन सक्दैन।

प्रभावकारी शिक्षण विधिको प्रयोग कक्षा कोठामा मात्र सिमित नरही विद्यालयको हाता तथा हाता बाहिर समेत सञ्चालन गर्न सकिन्छ। प्रभावकारी शिक्षण विधिका लागि विद्यालयको सबल भौतिक अवस्था, विद्यार्थीको नियमितता, शैक्षिक सामग्रीको पर्याप्तता आदि जस्ता कुराहरुको आवश्यकता पर्दछ तथापी, उपलब्ध स्रोत सामग्री र अवस्थालाई अधिकतम प्रयोग गरी प्रभावकारी शिक्षण गर्न सकिन्छ जसका लागि विषय शिक्षकले प्रभावकारी शिक्षण विधिको चयन गरी शिक्षण गर्नुपर्दछ। विद्यालयमा उपलब्ध सामग्रीको अधिकतम प्रयोगबाट सिकाइ उपलब्धिमा बृद्धि गर्न सकिन्छ। सिकाइ उपलब्धिको बुद्धिनै प्रभावकारी शिक्षण विधि प्रयोगको नतिजा बन्न सक्छ। त्यसैले विषयका शिक्षकहरुले स्थानीय समुदाय विश्व परिवेश देशकाल परिस्थिति सग घुलमिल भई हरहमेसा विषयवस्तुमा आइरहेको परिवर्तन प्रति अध्यावधिक रहेर शिक्षणमा त्यसको प्रयोग गरी विद्यार्थीलाई क्रियाशिल बनाइराख्न सक्दछ।

## ५.२ सुझावहरु

यस अध्ययनबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा सामादायिक विद्यालयहरुमा शिक्षण विधिमा थप प्रभावकारी बनाउन निम्न सुझावहरु प्रस्तुत गरिन्छ।

## ५.२.१ नीतिगत तहका लागि सुझाव

देशमा उपयुक्त शिक्षा नीति निर्माण गरी त्यसको सफल कार्यान्वयन गराउने मुख्य दायित्व सरकारको हुन्छ । आजको विश्वको बद्लिदो परिस्थितिमा आफ्ना देशका नागरिकहरुलाई विश्व सामु चिनाउनका लागि उपयुक्त शिक्षा नीति, योजना निर्माण गर्नु पर्दछ । यस अनुसन्धान अन्तर्गत शिक्षण विधि अध्ययनगर्ने क्रममा सम्बन्धीत सरोकारवालाहरु सगको छलफल, अन्तरक्रिया, प्रश्नावलीबाट सरकारलाई निम्नलिखित सुझावहरु दिइएको छ ।

सर्वप्रथमशिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम निर्माण गर्दा वा पाठ्यक्रम निर्माणको नीति तयार गर्दा विद्यालयहरुमा प्रयोग गरिने शिक्षण विधिहरु यकिन गरिनु पर्दछ । तहगत, विषयगत, कक्षागत रुपमा शिक्षण विधिहरु यकिन गरी प्रत्येक वर्ष शैक्षिक सत्र सुरुहुनु भन्दा अगाडि सम्बन्धीत विद्यालयहरुलाई उपलब्धि गराउनु पर्दछ । शिक्षण विधि प्रयोगमा ल्याउने मुख्य बाहक शिक्षक भएकोले शिक्षकलाई समयमै तालिम कार्यक्रम सञ्चालन गर्नु पर्दछ । शिक्षकलाई पुनर्ताजकि तालिम शैक्षिक सत्रको सूरुमा दिई त्यसलाई कक्षाकोठामा प्रयोग गरे नगरेको जिल्ला शिक्षा कार्यलय स्रोत व्यक्ति विद्यालय निरीक्षक प्र.अ.ले नियमित अनुगमन तथा सुपरिवेक्षण गर्नु पर्दछ ।

## ५.२.२ अभ्यास तहका लागि सुझाव

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम जनशक्ति विकास केन्द्र द्वारा निर्माण गरिएको पाठ्यपुस्तक मन्त्रालय विभाग अन्तरगतका निकायहरु हुँदै कार्यान्वयन पक्षकोअन्तिम थलोको रुपमा विद्यालयमा आइ पुग्दछ । र विद्यालयले त्यसलाई कार्यान्वयन गर्दछ । पाठ्यक्रमले निर्धारण गरेका शिक्षण विधिको प्रयोग सम्बन्धमा सम्बन्धित विषय शिक्षकहरुसँग छलफल गर्ने वातावरण विद्यालयले तयार गर्नु पर्दछ ।

कम्प्युटर शिक्षण प्रति विद्यार्थीलाई चासो रुचि जगाउन प्रयोगात्मक शिक्षण विधि अवलम्बन गरिनु पर्दछ । विद्यालयका प्रअ.हरुले कम्प्युटर इन्स्टिच्युटहरुसँग समन्वय गरी निशुल्क वा सामान्य शुल्क लिइ शिक्षकहरुलाई तालिम गराउने व्यवस्था मिलाउनु पर्दछ । शिक्षक तथा विद्यार्थीहरुका लागि आवश्यक पर्ने सामग्रीहरु पाठ्यक्रम विकास केन्द्रले

समयमै उपलब्ध गराउनु पर्ने तथा तालिममा सिकेका कुराहरुलाई शिक्षकहरुले कक्षाकोठामा प्रयोग गर्नु पर्दछ । यसका लागि विद्यालय व्यवस्थापन समिति, स्रोतव्यक्ति, विद्यालय निरीक्षक प्र.अ.,जिल्ला शिक्षा कार्यालय शैक्षिक जनशक्ति विकास केन्द्र शैक्षिक तालिम केन्द्रको समन्वय गर्नु पर्दछ ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझाव

कक्षा शिक्षणमा शिक्षण विधिको प्रयोगमा गरिएको यो अनुसन्धानले सम्पूर्ण पक्ष वा विषयवस्तुलाई समेट्न सकेको छैन । यसले अन्य अनुसन्धानलाई सहयोग पुऱ्याउन सक्छ तर यो सम्पूर्ण हुन सक्दैन यसकारण थप अनुसन्धानका लागि निम्न सुझावहरु यस प्रकार दिइएको छ ।

१. कक्षा शिक्षणमा शिक्षण विधिको प्रभाव

२. माध्यमिक तहको कक्षा शिक्षणमा शिक्षण विधिको अवस्था

३. प्राविधिक विषयको प्रभावकारी तालिमको व्यवस्था

४. प्राविधिक विषयमा शिक्षकहरुको दक्षताको प्रयोग

# सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०७०), *माध्यमिक शिक्षक दिग्दर्शन,* आशिष बुक्स प्रा.लि., काठमाण्डौ ।

काफ्ले, वासुदेव, सिन्हा, रामश्वरुप, श्रेष्ठ, चन्द्रबहादुर र बस्नेत सम्झना (२०६१), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

खकुरेल, रामराज, अधिकारी, बालकृष्ण, सापकोटा, अशोक (२०६९), *शिक्षक सेवा आयोग, आधारभूत शैक्षिक ज्ञान र अङ्ग्रेजी भाषा शिक्षण,* पिनालक पब्लिकेशन प्रा.लि.

गुरुङ, हस्त (२०६८), शिक्षक मासिकः समिक्षात्मक सिकाइ किन र कसरी, वर्ष ५ पूर्णाङ्क ५३, ललितपुर ज्ञान विज्ञान, शैक्षिक सहकारी सस्था

ढकाल, सोमनाथ (२०६६), *जनसङ्ख्या शिक्षा शिक्षण पद्धति,* रत्न पुस्तक भण्डार, भोटाहिटी

निउरे, धुव्र प्रसाद (२०६८), *अनुसन्धान विधि,* स्वष्ट पब्लिकेशन, काठमाण्डौ

पाठ्यक्रम विकास केन्द्र (२०६२), *विद्यालय शिक्षाको पाठ्यक्रममा जीवन उपयोगी सीपको समविष्टता सम्बन्धी अध्ययन प्रतिवेदन,* पाठ्यक्रम विकास केन्द्र ।

प्रधान, विमल कुमार (२०६९), *सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधि,* (अप्रकाशित स्नाकोत्तर तह शोध पत्र), त्रिभुवन, विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ

शर्मा चिरन्जीवी, शर्मा, निर्मला (२०६२), *शिक्षण विधि,* एम.के. पब्लिसर्स एण्ड डिस्ट्रीव्युटर्स भोटाहिटी, काठमाण्डौ

शर्मा चिरन्जीवी, शर्मा, निर्मला (२०६७), *शिक्षाका आधारहरु,* एम.के. पब्लिसर्स एण्ड डिस्ट्रीव्युटर्स भोटाहिटी, काठमाण्डौ

Kocher, SK (2001), *method and technique of Teaching,* sterling publishers private limited.

## कक्षा शिक्षणमा शिक्षण विधिको प्रयोग

## अनुसूची एक

## प्रधानाध्यपकको लागि प्रश्नावली

प्र.अ.को नाम :

विद्यालयको नाम :

ठेगाना :

१. तपाई कति वर्ष देखि प्र.अ. पदको जिम्मेवारी लिनु भएको छ ?

..........................................................................................

२. तपाई यस पदमा सन्तुष्ट हुनुहुन्छ ?

..........................................................................................

३. तपाई कक्षा अवलोकन गर्नुहुन्छ ?

..........................................................................................

४. यदि गर्नु हुन्छ भने कति पटक गर्नु हुन्छ ?

..........................................................................................

५. शिक्षकहरु कुन विधिको बढि प्रयोग गरी शिक्षण गर्नु हुन्छ ?

..........................................................................................

६. शिक्षकहरु शैक्षिक सामग्रीको प्रयोग कतिको गर्नुहुन्छ ?

..........................................................................................

७. तपाईको विद्यालयमा कम्प्युटर पढाउने तालिम प्राप्त शिक्षक हुनुहुन्छ ?

..........................................................................................

८. शिक्षणमा प्रवचन विधिको मात्र प्रयोग गर्नु पर्ने वाध्यता के छ ?

............................................................................................................

९. तपाईको विद्यालयमा प्रोजेक्टर र इन्टरनेटको सुविधा छ ?

............................................................................................................

१०. तपाईका शिक्षकहरु आइ.सी.टी.मा कतिको चासो राख्नुहुन्छ ?

............................................................................................................

११. शिक्षकहरुलाई प्रत्येक शैक्षिक सत्रमा क्रमशः कम्प्युटर विषयको तालिम दिदै दक्ष जनशक्ति तयार गर्ने तपाईको कुनै योजना छ ?

............................................................................................................

१२. विद्यालयमा पाठ्यक्रम शिक्षक निर्देशिका अन्य सन्दर्भ सामग्रीको अवस्था कस्तो छ ?

............................................................................................................

कक्षा शिक्षणमा शिक्षण विधिको प्रयोग

अनुसूची  दुई

शिक्षकको लागि प्रश्नावली

शिक्षकको नाम :

विद्यालयको नाम :

ठेगाना :

१. तपाई कुन विषय शिक्षण गर्नु हुन्छ ?

...........................................................................................

२. तपाई आफ्नो पेशा प्रति सन्तुष्ट हुनुहुन्छ ?

...........................................................................................

३. तपाईले आफ्नो विषयमा शिक्षण गर्दा कुन विधि बढी प्रयोग गर्नु हुन्छ ?

...........................................................................................

४. तपाई इन्टरनेट चलाउनु हुन्छ ?

...........................................................................................

५. तपाईले कुन कुन शैक्षिक सि.डी.हरु हेर्नु भएको छ ?

...........................................................................................

६. तपाईले पढाउने विषयमा प्रशासनबाट कतिको मात्रामा शैक्षिक सामग्रीहरु प्राप्त गर्नु भएको छ ?

...........................................................................................

७. तपाई दैनिक पाठयोजना बनाएर शिक्षण गर्नुहुन्छ ?

...........................................................................................

८. कम्प्युटर विषयको शिक्षण गर्दा तपाई भोग्नु परेको कुनै समस्या छ ?

.............................................................................................

९. तालिमको अवसर पाउनु भयो भने तपाई सो अवसर लिन चाहानु हुन्छ ?

.............................................................................................

१०. अधिकांश शिक्षकले प्रवचन विधिलाई शिक्षणमा प्रयोग गर्नु रहर या वाध्यता के ठान्नु हुन्छ ?

.............................................................................................

११. शैक्षिक सामग्रीको निर्माण प्रयोग र व्यवस्थापनमा तपाईको के राय छ ?

.....................................................................................

१२. शिक्षण पेशालाई कसरी आकर्षक बनाउन सकिन्छ ? यसमा तपाईको राय के छ ?

....................................................................................

१३. हाल विद्यमान विद्यार्थी मूल्याङ्कनमा कुनै समस्या देख्नुभएको छ ? यदि छ भने कस्तो समस्या देख्नि हुन्छ ?

....................................................................................

कक्षा शिक्षणमा शिक्षण विधिको प्रयोग

अनुसूची  तीन

विद्यार्थीको लागि प्रश्नावली

विद्यार्थीको नाम :                                                  कक्षा :

विद्यालयको नाम :                                                  लिङ्ग:

ठेगाना :

१. शिक्षकले पढाउदा कतिको शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ ?

..............................................................................................

२. शिक्षकले एकोहोरोरुपमा विषय वस्तुको व्याख्या गरिरहदा तपाईलाई कस्तो लाग्छ ?

..............................................................................................

३. शिक्षकले प्रोजेक्टर द्वारा पठनपाठन गर्दा र व्याख्यान विधिद्वारा पठनपाठन गर्दा कुन उपयुक्त लाग्छ ?

..............................................................................................

४. शिक्षकहरुले शिक्षण गर्दा कतिको शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ ?

..............................................................................................

५. तपाइको विद्यालयमा इन्टरनेट सुविधा छ ?

..............................................................................................

६. तपाईले शैक्षिक सि.डि.हरु हेर्नु भएको छ ?

..............................................................................................

७. कम्प्युटर विषयमा तपाईलाई कतिको रुचि छ ?

..............................................................................................

कक्षा शिक्षणमा शिक्षण विधिको प्रयोग

अनुसूची चार

स्रोतव्यक्तिको लागि प्रश्नावली

स्रोतव्यक्तिको नाम :

ठेगाना :

१. तपाई कत्तिको विद्यालय अनुगमन गर्नु हुन्छ ?

...........................................................................................................

२. तपाईले विद्यालय अनुगमन गर्दा शिक्षकहरुको नियमितता कस्तो पाउनु हुन्छ ?

...........................................................................................................

३. विद्यालय अनुगमन तथा निरिक्षणको क्रममा कक्षा अवलोकन पनि गर्नु हुन्छ ?

...........................................................................................................

४. शिक्षकले विषयवस्तु अनुरुप प्रभावकारी शिक्षण विधि अपनाएको पाउनु हुन्छ की पाउनु हुदैन ?

...........................................................................................................

५. अक्सर धेरै शिक्षकहरु कुन विधि प्रयोग गरी शिक्षण गर्नु हुन्छ ?

...........................................................................................................

६. शिक्षकहरुले सुचना तथा सञ्चार प्रविधिमा कत्तिको चासो राखेको पाउनु हुन्छ ?

...........................................................................................................

७. शैक्षिक गुणस्तर उकास्न तपाई शिक्षकहरुलाई के सुझाव दिनु हुन्छ ?

...........................................................................................................

८. नियमित रुपमा विद्यालय अनुगमन गर्नु नसक्नुमा कुनै कारण छ ?

...........................................................................................................

कक्षा शिक्षणमा शिक्षण विधिको प्रयोग

अनुसूची  पाँच

बि.नि.को लागि प्रश्नावली

विनिको नाम :

ठेगाना :

१. तपाई कत्तिको विद्यालय अनुगमन गर्नु हुन्छ ?

.............................................................................................................

२. तपाईले विद्यालय अनुगमन गर्दा शिक्षकहरुको नियमितता कस्तो पाउनु हुन्छ ?

.............................................................................................................

३. विद्यालय अनुगमन तथा निरिक्षणको क्रममा कक्षा अवलोकन पनि गर्नु हुन्छ ?

.............................................................................................................

४. शिक्षकले विषयवस्तु अनुरुप प्रभावकारी शिक्षण विधि अपनाएको पाउनु हुन्छ की पाउनु हुदैन ?

.............................................................................................................

५. अक्सर धेरै शिक्षकहरु कुन विधि प्रयोग गरी शिक्षण गर्नु हुन्छ ?

.............................................................................................................

६. शिक्षकहरुले सुचना तथा सञ्चार प्रविधिमा कत्तिको चासो राखेको पाउनु हुन्छ ?

.............................................................................................................

७. शैक्षिक गुणस्तर उकास्न तपाई शिक्षकहरुलाई के सुझाव दिनु हुन्छ ?

.............................................................................................................

८. नियमित रुपमा विद्यालय अनुगमन गर्नु नसक्नुमा कुनै कारण छ ?

.............................................................................................................

कक्षा शिक्षणमा शिक्षण विधिको प्रयोग

अनुसूची छ

अभिभावकको लागि प्रश्नावली

अभिभावकको नाम :

ठेगाना :

१. तपाई आफ्ना नानीहरुको पढाइ बुझ्न कत्तिको विद्यालय आउनु हुन्छ ?

..........................................................................................................

२. तपाई आफ्नो नानीको पढाइप्रति कत्तिको सन्तुष्टि हुनुहुन्छ ?

..........................................................................................................

३. तपाईको नानी घरमा कुन विषय बढी अध्ययन गर्दछ ?

..........................................................................................................

४. तपाईको घरमा कम्प्युटर छ ?

..........................................................................................................

५. यदि छ भने त्यसलाई तपाईको नानीले कतिको प्रयोग गर्दछ ?

..........................................................................................................

६. आजको युगमा कम्प्युटर शिक्षालाई कतिको आवश्यक ठान्नु हुन्छ ?

..........................................................................................................

कक्षा शिक्षणमा शिक्षण विधिको प्रयोग

अनुसूची  सात

विद्यालय अवलोकन फारम

विद्यालयको नाम :

| क.सं. | सूचक | उत्तम | मध्यम | न्युन |
|---|---|---|---|---|
| १ | कक्षाकोठाको अवस्था | | | |
| २ | विषय शिक्षकको अवस्था | | | |
| ३ | शैक्षिक सामग्रीको अवस्था | | | |
| ४ | प्रयोगात्मक सिकाइको अवस्था | | | |
| ५ | शिक्षकको नियमितता | | | |
| ६ | योजना अनुसारको शिक्षण | | | |
| ७ | सुचना प्रविधिसँग सम्बन्धित वस्तुको अवस्था | | | |
| ८ | विद्यार्थीको दैनिक उपस्थितिको अवस्था | | | |
| ९ | शिक्षण विधिको प्रयोगको अवस्था | | | |
| १० | विद्यार्थी मूल्याङ्कनको अवस्था | | | |
| ११ | पाठ्यक्रम शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको अवस्था | | | |